जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३०२ • २०८० साल चैत्र १८ गते आइतबार (31 March, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# अवैध कलसेन्टरमा प्रहरीको छापा, ४ पक्राउ



**अनिल तिवारी**

वीरगञ्ज । पर्सा प्रहरीले दुई जना चाइनिज नागरिकलाई पक्राउ गरेको छ । शनिबार साँझ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटेको टोलीले अवैधरुपमा संचालन गरेको कलसेन्टमा छापामारी गरी चाइनिज नागरिकहरुलाई पक्राउ गरेको छ ।

वीरगञ्ज महानगरपालिकाका वडा नम्बर १५ लक्ष्मणवा स्थित मठ नजिक रहेको एक घरमा जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले छापामारी गरी दर्जनौ कम्प्युटर लगायत इलेक्ट्रोनिक्स सामग्रीहरु बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक (एसपी) कुमोद ढुङ्गेलको नेतृत्वमा गरिएको छापामारीमा चाइनिजहरुले चलाउँदै आएको अवैध कलसेन्टरबाट भारीमात्रामा कम्प्युटर लगायतका इलेक्ट्रोनिक सामग्री समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

गोप्यरुपमा चाइनिज नागरिकहरुले सञ्चालन गरेको अवैध कलसेन्टरमा छापामारी गरिएको पर्सा प्रहरी प्रवक्ता डीएसपी कुमार विक्रम थापाले पुष्टि गरेका छन् । अबेर रातिसम्म छापामारी चलेको बताउदै डीएसपी थापाले भने ,'चाइनिज नागरिकहरु अवैध रुपमा सञ्चालन गरेको कलसेन्टरमा छापामारी गरिएको छ ।' उनीहरुले संचालन गरेको कलसेन्टरबाट मोबाइलको ह्वाट्स एप तथा सामाजिक संजालको मेसेन्जरबाट ठगी लगायत विभिन्न आपराधिक धन्दाहरु भइरहेको सूचना प्राप्त भएपछि छापा मारिएको थापाले बताए ।

प्रहरीले छापामारी गरी २ जना चाइनिज नागरिक र २ जना नेपाली नागरिक सहित विभिन्न इलेक्ट्रोनिक्स उपकरणहरु समेत बरामद गरेको डीएसपी थापाले बताए । प्रहरीका अनुसार ६० थान कम्प्युटर र ल्याबटप बरामद भएको छ ।

## ड्राईपोर्ट बनाउन कांग्रेस नेताहरुको डेलिगेशन

# महोत्तरीको भिठ्ठामोडमा सुख्खा बन्दरगाह बनाउन सरकार सकारात्मक

**टुडे समाचारदाता**

काठमाण्डु । महोत्तरी जिल्लाको भिठ्ठामोडमा सुख्खा बन्दरगाह बनाउन नेपाली कांग्रेसका नेताहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शनिवार भेटेका कांग्रेसका नेताहरुले सुख्खा बन्दरगाह बनाउन माग गरेका छन् । उनीहरुले भारतीय सीमावर्ती भिठ्ठामोडमा भारत सरकारले सुख्खा बन्दरगाह बनाउन लागेको बताउँदै नेपाली भूमिमा समेत सुख्खा बन्दरगाह बनाउन आग्रह गरेका छन् ।

भारत सरकारले भिठ्ठामोडलाई रेलमार्गबाट कोलकत्तासंग जोड्न लागेको उल्लेख गर्दै नेपाली कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादवले सुख्खा बन्दरगाहका लागि सरकारी जमिन सहित केही जमिन अधिग्रहण गरे पुग्ने रहेको बताए ।

जवाफमा प्रधानमन्त्री प्रचण्डले महोत्तरी जिल्लाको समग्र विकासका लागि आफूले निरन्तर पहलकदमी लिने प्रतिबद्धता जनाएका छन् । 'आगामी आर्थिक वर्षको बजेटमा महोत्तरीको समग्र विकासका लागि प्राथमिकतामा राख्न लगाउने छु' प्रचण्डले भने-'आफूले विगतमा समेत पहल गर्दै आएको र आगामी दिनमा पनि त्यसलाई जारी राख्ने छु ।'

महोत्तरीका सांसद, स्थानीय जनप्रतिनिधि, उद्योग वाणिज्य संघ र राजनीति दलका प्रतिनिधिमण्डसँगको भेटघाटमा प्रधानमन्त्री प्रचण्डले आगामी आर्थिक वर्षको बजेटमा सुख्खा बन्दरगाहलाई समेत राख्ने बताए । भिठ्ठामोड नाकाबाट मालसमान आयात निर्यात गर्न कुनै कठिनाई नरहेपनि सुख्खा बन्दरगाह निर्माणले थप सहज हुने प्रधानमन्त्री प्रचण्डले बताए ।



महोत्तरीको सदरमुकाम जलेश्वर नगरको विकासमा सरकारको सहयोग रहने र सुक्खा बन्दरगाहलगायतका विषयमा आफूले ध्यान दिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सुशासनलाई केन्द्रमा राखेर देशको समग्र विकासमा सरकार निरन्तर लागिपरेको बताए ।

भेटघाटमा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य किरण यादव, महोत्तरी जिल्लाका सभापति नागेश्वर यादव, लोहारपट्टी नगरपालिकाका मेयर शैलेन्द्र यादव लगायतका नेताहरुको सहभागिता रहेको थियो ।

जनकपुरधामबाट १९ किलोमिटर र जलेश्वरबाट ५ किलोमिटर दूरीमा रहेको भिठ्ठामोड भन्सार कार्यालयको वरिपरि पर्याप्त सरकारी जग्गा रहेको र आवश्यक जग्गा सस्तो मूल्यमा दिन किसानहरु तयार रहेको लोहारपट्टीका मेयर यादवले बताए । '६० बिघा जग्गा सरकारले चाहेको बेला उपलब्ध हुने अवस्था छ ' उनले भने, मधेश प्रदेशको मध्यमा रहेको भिठ्ठामोड भन्सारमा सुख्खा बन्दरगाहको निर्माणले ठूलो आर्थिक क्रान्ति आउने छ ।

भारत सरकारले सुरु गरेको रामायण सर्किट अन्तर्गत सीतामढीलाई बिस्तार गर्दै भिठ्ठामोडलाई सुख्खा बन्दरगाह बनाउन थालेको छ । त्यसका लागि भारत सरकारले ७० बिघा जमिन अधिग्रहण गरिसकेको बताइएको छ । बस्ती समेतलाई अन्यत्र सारेर भारत सरकारले थप जग्गा अधिग्रहणको तयारीमा रहेको बताइएको छ ।

टुडे सहकर्मी राजु सोनीले सुरसण्डबाट जनाए अनुसार पुपुरी, सुरसण्ड र भिठ्ठामोड रेल मार्गको बिस्तारको कार्य चाँडै सुरु हुनेछ । भारतीय रेल मन्त्रालयले पास गरिसकेको योजना रहेकाले काम चाँडै सुरु हुने उनले बताए ।

सीतामढीदेखि पुपरी सम्म रेल सञ्चालनमा रहेको छ । त्यहाँबाट सुरसण्ड १४ किलोमिटर र सुरसण्डबाट भिठ्ठामोड ५ किलोमिट रहेको छ । भारत सरकारले सीतामढीको विकासका लागि हालै नयाँदिल्लीसित हप्तामा दुईवटा रेल सुरु गरेको छ । १३ घण्टामा सीतामढी-दिल्ली चल्ने रेलले नयाँदिल्लीबाट सीता जन्मभूमि जनकपुरधाम आउन श्रद्धालुहरुलाई सहज हुनेछ ।

नेपाल सरकारले सुख्खा बन्दरगाह बनाउन पहल नगरे दबाबमूलक कार्यक्रम थाल्ने कांग्रेसका नेताहरुले बताएका छन् । 'भारतीय क्षेत्रमा भइरहेको विकासलाई नेपालले आफ्नो भूमिसित जोड्न सुख्खा बन्दरगाह निर्माणमा ढिलाई गर्न हुँदैन्' कांग्रेस केन्द्रीय सदस्य किरण यादवले भनिन् ,भिठ्ठामोड सम्म आउने भारतीय रेल मार्गबाट कोलकत्तादेखि सोझै मालसमान ल्याउन सकिन्छ ।

हालको वीरगञ्ज-रक्सौल सुख्खा बन्दरगाहको भन्दा कोलकत्ताबाट भिठ्ठामोड नाका नजिक हुने उनले बताइन् । सीमावर्ती नेपाली भूभागको पूर्वाधार विकासमा संघीय सरकारले चासो देखाए नेपाली पर्यटकीय क्षेत्रमा भारतीय पर्यटकहरुको ओइरो लाग्ने यादवले बताइन् ।

रामायण सर्किट अन्तर्गत सञ्चालनमा रहेको रेल सीतामढीमा रोकिने गरेको छ । त्यहाँबाट यात्रुहरु बसबाट जनकपुरधाम आउने गरेका छन् । जनकपुरधाम-अयोध्या बस सञ्चालनका लागि पनि नेपाली भूभागको सडकको स्तर सुधार गर्न आवश्यक रहेको सभापति यादवले बताए ।







# टि-२० क्रिकेट खेलमा धनुषा विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम। मेयर कप टी-२० क्रिकेट प्रतियोगिता अन्तर्गत दोश्रो दिन सम्पन्न खेलमा धनुषा क्रिकेट टिमले महोत्तरी टिमलाई ८ विकेटले पराजित गरेको छ।

सो खेलमा महोत्तरीलाई धनुषाले ८ विकेटले पराजित गर्दै विजयी भएको छ।

निर्माणाधीन रामजानकी अन्तर्राष्ट्रिय रङ्गशाला क्रिकेट खेल मैदानमा भएको पहिलो खेलमा महोत्तरीले ब्याटिंग गर्दै १५.५ ओभरमा सबै विकेट गुमाउँदै १ सय १० रन बनाएको थियो।

१ सय ११ रनको लक्ष्यसहित धनुषा क्रिकेट टिमका खेलाडीहरूले १४.१ ओभरमा दुई विकेटको क्षतिमा लक्ष्य हासिल गरेको थियो।

शुक्रबार भएको खेलमा धनुषाले सर्लाही क्रिकेट टिमलाई पराजित गरेको थियो।

# बागमती प्रदेशमा मन्त्रिपरिषद् विस्तार

**टुडे समाचारदाता**

हेटौडा। बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् विस्तार गरेका छन्।

मुख्यमन्त्री जम्कट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रदेशसभा संसदीय दलका नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्रीमा नियुक्त गरेका हुन्।

नवनियुक्त मन्त्री थपलियालाई प्रदेशप्रमुख शर्माले शनिबार साँझ पद तथा गोपनीयताको शपथ गराएका छन्। थपलिया दोस्रोपटक प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री बनेका हुन्। उनले यसअघि २०७९ पुस २६ गते सो मन्त्रालय सम्हालेका थिए।

# एक महिनाभित्र सुनकोशी मरिणको सुरुङ 'ब्रेक थ्रु' गरिने

**टुडे समाचारदाता**

सिन्धुली। राष्ट्रिय गौरव आयोजनाको सुनकोशी मरिण डाइभर्सनको मुख्य सुरुङ एक महिनाभित्र 'ब्रेक थ्रु' हुने भएको छ। आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङको अब सात सय ९० मिटर मात्र खन्न बाँकी छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चन्द्रबहादुर ओलीलगायतको टोलीले शनिवार सिन्धुलीको कमलामाई नगरपालिका कुसुमटारमा रहेको आयोजनास्थलमा निरीक्षण गरेका छन्।

निरीक्षण अवलोकनपछि ऊर्जामन्त्री बस्नेतले तोकिएको समयभित्र काम सम्पन्न गर्न आयोजनाका लागि स्रोत साधनको अभाव हुन नदिने बताए। "यो आयोजना सरकारको विशेष प्राथमिकतामा छ। आयोजनामा स्रोत साधनको कुनै समस्या आउन दिँदैनौँ", उनले भने। अहिलेसम्मको कामको प्रगति सन्तोषजनक रहेको बतादै उनले तोकिएको समयभित्रै काम सक्न निर्देशन दिए।

ऊर्जामन्त्री बस्नेतसहितको उच्चस्तरीय टोलीले शुक्रबार आयोजनाको बाँधस्थल निरीक्षण गरेको थियो। यसअघि ऊर्जामन्त्री बस्नेतले आयोजना प्रमुखलगायत अधिकारीलाई आयोजनास्थल नछाड्न र हरेक १५ दिनमा आयोजनाको प्रगति



अवस्थाबारे मन्त्रालयलाई जानकारी दिन निर्देशन दिए।

तराई मधेशमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सुरु गरिएको उक्त आयोजनालाई सरकारले प्राथमिकताका साथ अघि बढाइरहेको छ। सुरुङ खन्ने काममा कुनै भौगोलिक जटिलता नआएको खण्डमा एक महिनाभित्र 'ब्रेक थ्रु' भइसक्ने आयोजना प्रमुख बरालले जानकारी दिए।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङले गरिरहेको छ। बाँध निर्माणका लागि नेपालको रमण समूहसँग भारतीय कम्पनी पटेल इन्जिनियरिङको संयुक्त उपक्रमले जिम्मा पाएको छ। बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ। विसं २०८४ को असोजमा सो आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

सुनकोशी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको उक्त आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन्। सो आयोजनाको 'कफर ड्याम' निर्माण भइरहेको जनाइएको छ।

निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति देखिँदैन। विद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ। प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सकिएको छ। त्यो स्वीकृतिको अन्तिम चरणमा छ। यस्तै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फको काम पनि अगाडि बढाउन लागिएको आयोजना प्रमुख बरालले जानकारी दिए।

सुनकोशी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ। हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ। आगामी वैशाखसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुऱ्याउने लक्ष्य राखिएको छ। वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ। यस्तै, विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ।

आयोजनाका लागि सुनकोशी गाउँपालिका-७ कानढुङ्गीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीमा पथान्तरण गरिनेछ। सुनकोशीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ। त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ। त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ।

विसं २०७९ असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ निर्माण हुनेछ। नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरेर खनिएको छ। यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो।

# दिसाजन्य लेदो व्यवस्थापनका लागि अस्थायी केन्द्र सञ्चालन

**नेपालगञ्ज**। नेपालगञ्ज उपमहानगरपालिका-२० स्थित बाबाघाटमा दिसाजन्य लेदो व्यवस्थापनका लागि अस्थायी ट्रेन्च केन्द्र सञ्चालनमा आएको छ। केन्द्र सञ्चालनमा आएपछि नेपालगञ्जमा दिसाजन्य लेदो व्यवस्थापनको समस्या अन्त्य भएको उपमहानगरपालिकाले जनाएको छ।

उपमहानगर प्रमुख प्रशान्त विष्ट र गैरसरकारी संस्था एसएनभी नेपालकी वास नेता (लिडर) नादिरा ख्वाजाले संयुक्त रुपमा दिसाजन्य लेदो व्यवस्थापन क्षेत्रको शुभारम्भ गर्नुभयो। उपमहानगरसँगको समन्वयमा एसएनभी नेपालले 'स्वास्थ्य तथा विकासका लागि नगर सरसफाइ तथा स्वच्छता कार्यक्रम'अन्तर्गत निर्मित अस्थायी ट्रेन्च केन्द्र उपमहानगर हस्तान्तरण गरेको हो।

हस्तान्तरण कार्यक्रममा नगर प्रमुख विष्टले उपमहानगरले अस्थायी रुपमा दिसा विसर्जन गर्ने ठाउँ निश्चित गरेर सञ्चालनमा ल्याएपछि खुला ठाउँमा दिसाजन्य फोहोर फाल्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको बताउनुभयो। उहाँले खुला ठाउँमा दिसाजन्य फोहोर फाल्दा त्यसले पानीको सतहलाई प्रदूषित पार्ने र सङ्क्रामक रोगको महामारी फैलिने जोखिम हटेको उल्लेख गर्नुभयो।




"घरजन्य र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन साइट यसअघि नै बनिसके पनि दिसाजन्य लेदो व्यवस्थापन कसरी गर्ने भन्ने समस्या थियो। आज अस्थायीरुपमै भए पनि संरचना बनेको छ", प्रमुख विष्टले भन्नुभयो। केन्द्र बनाउनका लागि डम्पिङ साइट क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर काम अगाडि बढेको र सङ्घीय सरकारसँग पनि सहयोग मागेको जानकारी दिँदै अस्थायी ट्रेन्च केन्द्रको नियमन र अनुगमन गर्न संयन्त्र बनाइने उहाँले बताउनुभयो। एसएनभीकी वास टोली नेता ख्वाजाले नेपालगञ्ज उपमहानगरको सुरक्षित दिसाजन्य लेदो व्यवस्थापनको प्रयासलाई सहयोग पुर्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले नेपालगञ्जलाई स्वास्थ्यजन्य हिसाबले सुरक्षित बनाउन यसले भूमिका खेल्ने उल्लेख गर्नुभयो।

२४ लाख लागतमा निर्माण गरिएको दिसाजन्य लेदो व्यवस्थापनका लागि अस्थायी केन्द्रको जग्गा पाँच वर्षका लागि लिजमा लिइएको उपमहानगरले जनाएको छ। दुई बिगाहा क्षेत्रफलमा रहेको अस्थायी केन्द्रमा १७ खाल्डा खनिएका छन्।

एसएनभीका कन्सल्टेन्ट इञ्जिनियर मुनबहादुर खड्काका अनुसार दिसाजन्य लेदो व्यवस्थापन गर्न ४० मिटर लम्बाइ, दुई मिटर उचाइ र १.२० मिटर चौडाइ भएका खाल्डा खनिएका छन्। सो क्षेत्रलाई तारजाली लगाएर सुरक्षित बनाइएको छ। द्रुत गतिमा काम गरेर एक महिनामै ट्रेन्च केन्द्रको निर्माण सम्पन्न गरिएको उहाँले जानकारी दिनुभयो।रासस

# नेकपा एसको महाधिवेशनमा तल्लो तहदेखि निर्वाचित हुनुपर्ने



**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले आगामी जेठ ३ देखि ७ गतेसम्म अयोजना हुने १० औं राष्ट्रिय महाधिवेशनमा तल्लो तहदेखि निर्वाचित भएर आउनुपर्ने व्यवस्था गरेको छ।

सबै पालिका, वडा, टोल, जिल्ला, प्रदेश र केन्द्रसम्मको कमिटी निर्माण गर्न र बढीभन्दा बढी सदस्यता विस्तार गरी पार्टी मातहतका सबै कमिटीलाई लोकतान्त्रिक पद्धतिबाट अनुमोदित गराएर नेतृत्वलाई जिम्मेवार बनाउन यस्तो व्यवस्था गरिएको हो। पार्टीका सबै कमिटीमा आबद्ध नेता तथा सम्बन्धित भूगोलमा अधिवेशनबाट निर्वाचित भएर आउनुपर्ने व्यवस्थाले परिपक्व नेतृत्व स्थापित गर्न सहयोग पुग्ने पोलिटब्युरो सदस्य दिलु पन्तले जानकारी दिएका छन्। महाधिवेशन केन्द्रित अभियान देशभर सञ्चालन गरेको पार्टीले सदस्य व्यवस्थित र विस्तार, सङ्गठन निर्माण, भेला प्रशिक्षण, प्रकाशनसहितका कार्य गर्दै आएको छ। सम्पर्क कार्यालयलाई व्यवस्थित बनाउन तथा सदस्यहरु विस्तार गर्न सदस्यता शुल्क, 'लेबि'लाई व्यवस्थित गराउने र कार्यालय व्यवस्थापनको लागि सम्पर्क मञ्चहरु र सम्बन्धित कमिटीलाई आवश्यकताअनुसार दायित्व तोक्न सक्ने व्यवस्था गरिएको छ।

महाधिवेशनका लागि तयार गरिएको राजनीतिक प्रतिवेदनमा देशको पछिल्लो राजनीतिक अवस्था तथा अन्तर्राष्ट्रिय घटनाक्रमको समीक्षा गरिएको छ। वामपन्थी शक्तिबीचको कार्यगत एकतालाई पनि प्राथमिकतामा राखिएको उक्त प्रतिवेदनमा देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै विविधताबीचको एकतालाई केन्द्रमा राखिएको छ। प्रतिवेदनमा वैज्ञानिक समाजवादी व्यवस्थाको अवधारणा, त्यसको स्वरुप तथा संरचना, सामाजिक प्रभाव, आर्थिक रुपान्तरणका, अन्तर्राष्ट्रिय अभ्यासलगायत विषय समावेश गरिएको छ।

## माईग्रेशन हरायो

घरबाट जनकपुर जाने क्रममा मेरो निम्न व्यहोरा भएको माईग्रेशन मिति २०८०/११/०७गते हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको मोबाईल नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।
**नाम : संगिता कुमारी**
**ठेगाना : जि.ध. गाविस गोठ कोयलपुर, हाल शहीदनगर नपा-९**
**सिम्बोल नं. : ३१७०१९३७**
**रजिष्ट्रेशन नं. : ७४१७२४११४**
**सम्पर्क नं. : ९८०३१६६६९०**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| वृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



डुङ्गामा मृतकको शवलाई निकाल्दै । शनिबार बिहान काठमाडौँबाट गोरखा जाँदै गरेको बा२ज ४१९६ नम्बर ट्याक्सी पृथ्वीराजमार्ग अन्तर्गत चितवनको इच्छाकामना- ५ सिमलधारा नजिकैबाट त्रिशुली नदीमा खसेर दुर्घटना हुँदा पाँच जनाको घटनास्थलमै मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार एक जना अझै बेपत्ता छन् । *तस्बिर : रासस*

# काम गरेर देखाउन सरकारमा गएको गृहमन्त्रीको भनाई

**टुडे समाचारदाता**

इलाम । गृहमन्त्री रवि लामिछानेले काम गरेर देखाउनैका लागि सरकारमा सहभागी भएको बताएका छन् ।

शनिबार इलाम चोकबजारमा इलाम-२ उपनिर्वाचनका लागि पार्टीका उम्मेदवार घोषणासभालाई सम्वोधन गर्दै उनले रास्वपालाई सरकारमा जान नहुने आम धारणालाई चिर्न तथा काम गरेर देखाउनैका लागि सरकारमा गएको बताएका हुन् ।

उनले रास्वपा सरकारमा सहभागी भइसेकपछि सुशासन र सेवा प्रवाहमा जनताले अपेक्षा गरेअनुरुप सुधार सुरु भइसकेको दाबी गर्दै उनले विभिन्न समयमा भएका सबै भ्रष्टाचारका फाइलहरु क्रमशः खोलिँदै लैजाने बताउँदै भ्रष्टाचारीहरू कसैलाई पनि उम्कन नदिने बताए । “हामी सरकारमा आएको धेरै भएको छैन, तर हाम्रो सुरुआती कामबाटै केही न केही सङ्केत त पाइसक्नुभएको छ”, लामिछानेले भने, “अब क्रमशः सबै भ्रष्टाचारका फाइल खोल्छौँ, त्यसपछि हाम्रो काम देख्नुहुन्छ, तर अलिकति समय पर्खनुहोस् ।”



उनले आफ्नो पार्टीले सरकारमा रहँदा र प्रतिपक्षमा रहँदा समेत संसद्बाट जनताकै पक्षमा निरन्तर काम गरिरहेको उल्लेख गर्दै इलामबाट एक जना सांसद थपेर पठाइदिन जिल्लावासीलाई आग्रह गरे । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, सो पार्टीका उपसभापति एवं प्रतिनिधिसभा सदस्यद्वय डा स्वर्णिम वाग्ले, डा तोसिमा कार्की, सहमहामन्त्री कविन्द्र बुर्लाकोटी, रमेश प्रसाईंले सम्बोधन गरेका थिए ।

रास्वपाले इलाम-२ मा हुने लागेको प्रतिनिधिसभाको उपनिर्वाचनमा मिलन लिम्बूलाई उम्मेदवार घोषणा गरेको छ । पार्टी सभापति लामिछानेले घण्टी बजाए उम्मेदवार घोषणा गरे । उम्मेदवार घोषणापछि लामिछानेले उम्मेदवार लिम्बूलाई घण्टी हस्तान्तरण गरी शुभकामना दिएका थिए ।

पत्रकारिता छाडेर स्वतन्त्र उम्मेदवारी घोषणा गरेका लिम्बूलाई रास्वपाले पार्टीमा भित्र्याएर उम्मेदवार बनाएको हो । इलाम-२ मा वैशाख १५ गते प्रतिनिधिसभाको उपनिर्वाचन हुँदैछ ।

# सम्पूर्ण वामपन्थी एक ठाउँमा उभिनुपर्ने प्रधानमन्त्रीको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । एमालेसंग अलग भएसंगै बामपन्थी एकताको विषयमा मौन धारण गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पुनः सम्पूर्ण वामपन्थी एक ठाउँमा उभिनुपर्ने अभिव्यक्ति दिएका छन् ।

२४औं जेल ब्रेक स्मृति दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले नयाँ र मौलिक तरिकाले नेपाली समाजवादी क्रान्ति अगाडि बढ्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दहालले माओवादी आन्दोलनलाई छिटोभन्दा छिटो एक ठाउँमा केन्द्रित गर्ने र सम्पूर्ण राष्ट्रवादी शक्तिलाई पनि एक ठाउँमा केन्द्रित गरेर नयाँ र मौलिक तवरले समाजवादी क्रान्ति अगाडि बढाइने बताउदै उनले यो आत्मविश्वास अहिले पनि नेतृत्वलाई रहेको बताए । देश र जनतालाई केन्द्रमा राखेर आफू अगाडि बढेको स्पष्ट पार्दै उहाँले दायाँ कदम चाल्दा होस् या बायाँ कदम चाल्दा होस्, क्रान्ति, जनता र राष्ट्रप्रतिको निष्ठामा कमी आउन दिन हुन्न र हामीले लिएको सङ्कल्प त्यही हो, आज पनि त्यही छ भने ।

सरकारमा रहँदा आठ हजार सहिदलाई राष्ट्रिय सहिद घोषणा गरेर उहाँहरूको नाम राजपत्रमा प्रकाशित गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसलाई आफूले वर्गसङ्घर्षको निरन्तरता मानेको बताए । आफ्नो हिस्साको वर्गसङ्घर्ष आफूले अहिले पनि चलाई नै राखेको उल्लेख गर्दै उनले जनयुद्ध दिवसलाई राष्ट्रिय दिवस घोषणा गर्नु पनि वर्गसङ्घर्ष नै भएको बताए । निराशा बाँड्ने तथा पार्टी र नेतालाई गाली गरेर जिम्मेवारी पूरा नहुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबैलाई एकताबद्ध भएर देश र जनताको पक्षमा उभिन आह्वान गरे ।

सरकारको पछिल्लो समीकरण रणनीतिक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, “यो समीकरण रणनैतिक छ, दूरगामी छ, मेरो विश्वास छ यो क्रान्तिकारी पनि छ । यसले मात्र सबै देशभक्तलाई एक ठाउँमा केन्द्रित गर्न सक्दछ ।”

# विकासको चाहना पूरा गर्न सबै एकजुट हुनुपर्छ : राष्ट्रपति

चितवन । राष्ट्रपति रामचन्द्र पौडेलले समयअनुसार नेपाली जनताको विकासको चाहना पूरा गर्न सबै एकजुट हुनुपर्ने बताउनुभएको छ । चितवनको भरतपुर महानगरपालिका-१ ठिमुरा र तनहुँको देवघाट गाउँपालिका-५ घिन्टार जोड्ने त्रिशूली नदीमा बनेको पुलको आज उद्घाटन गर्नुहुँदै उहाँले देशको समृद्धिको मुख्य आधार कृषि क्रान्ति, पर्यटनको विस्तार र ऊर्जा शक्तिको विकाससँगै सुशासनको खाँचो औँल्याउनुभयो ।

राष्ट्रपति पौडेलले केही भएन होइन, केही भएको छ र केही हुँदैन होइन, केही हुँदैछ भन्ने आश र विश्वासको जगमा नेपाली जनताको समयअनुसारको विकासको चाहना पूरा गर्न सबै एक भएर जुट्नुपर्नेमा जोड दिनुभयो । लोकतन्त्रप्राप्तिसँगै क्रमशः भएको विकासको गति र त्यसको स्तरोन्नतिलाई यस्ता पूर्वाधारका कामले भविष्यको बृहत्तर विकासको आयामलाई बढावा दिन आशा एवं भरोसा जगाएको उहाँको भनाइ थियो ।

राष्ट्रपति पौडेलले माथिल्लो जिम्मेवारीमा बसेकाहरुबाट काम सम्पन्न भएको छ कि स्थानीय जनताको मेहनतबाट मात्रै काम सम्पन्न भएको छ भन्ने कुराको अब मूल्याङ्कन गर्नुपर्नेबेला भएको बताउनुभयो । “सरकारले धेरै योजनामा धेरै ठाउँमा धेरै बजेट राखेको छ, तर ती योजना अलपत्र छन्, तर जहाँ स्थानीय जनताले मेहनत गरेका छन्, त्यहाँ मात्रै काम सम्पन्न भएका छन्”, उहाँले भन्नुभयो, “त्यसैले अब मूल्याङ्कन हुनुपर्छ कि माथिल्लो जिम्मेवारीमा बसेकाले काम सम्पन्न गरेका छन् कि स्थानीय जनताको मेहनतबाट मात्र काम सम्पन्न भएका छन् ।”



ठूलो त्याग, बलिदान र सङ्घर्षबाट हामीले नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले आत्मनिर्भर नेपाली र समृद्धिसहित विकसित आधुनिक नेपाल निर्माण नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुख्य लक्ष्य भएको बताउनुभयो । “सफल राजनीतिक आन्दोलनको कार्यभार पूरा गरेपछि अब हाम्रो ध्यान सुशासन, विकास र समृद्धितर्फ केन्द्रित हुनुपर्छ, यसमा कहीँकतै द्विविधा हुनुहुँदैन”, उहाँले भन्नुभयो ।

“म त्यही एजेण्डामा आज पनि उभिएको छु, राष्ट्रपतिमा निर्वाचित भएपछि मैले भनेको पनि छु म राजनीतिमा हात हाल्दिन र विकासबाट टाढा पनि भाग्दिन, अर्थात् देश विकास नै मेरो अभिष्ट तथा अभिभावकीय भूमिका र चाहना हो”, राष्ट्रपति पौडेलले भन्नुभयो । यस अर्थमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई समावेशी, उदार, एकताबद्ध र समन्वयात्मक हुन प्रेरित गर्ने उहाँको भनाइ थियो ।

उत्पादन, रोजगारी, उद्योगधन्दासहितका आर्थिक क्रियाकलाप र निर्यातमुखी अर्थतन्त्रको विकास समयको माग भएको राष्ट्रपति पौडेलको भनाइ थियो । “यस क्षेत्रको विकासका लागि यो पुल कोसेढुङ्गा सावित हुनसक्छ भन्ने मलाई लाग्छ, किनभने यहीँबाट यस क्षेत्रको व्यवसायीकरणसहित तीव्ररुपमा कृषि उत्पादन अनि त्यसको बजारीकरण, ऊर्जा र पर्यटन क्षेत्रको विकास र विस्तार तथा शालिग्राममार्गलाई कालीगण्डकी करिडोर हुँदै उत्तर दक्षिण जोड्ने एउटा कडी बनाउन सकिने मैले देखेको छु”, उहाँले भन्नुभयो ।

मुलुककै महत्वपूर्ण केन्द्र मानिएको चितवन, नवलपरासी र तनहुँको सङ्गमस्थल पवित्र तपोभूमि देवघाटमा उपस्थित भएर यस क्षेत्रका बासिन्दासँग भेटघाट गर्न पाउँदा आफूलाई खुसी लागेको उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले यहाँसम्म आइपुग्दा गर्नुपरेका सङ्घर्ष र अनेक अवरोध तपाईहरूबाट छिपेको छैन भन्नुभयो । उहाँले दामोदर कुण्डबाट बगेर आएको कृष्णा (कालीगण्डकी) र गोसाइँकुण्डबाट बगेर आएको त्रिशूलीजस्ता पवित्र नदीको सङ्गम देवघाटधाम क्षेत्रको व्यापक प्रचार गरी यसलाई राष्ट्रिय गौरवको योजनामा समेटेर यहाँको विकास गर्न आवश्यक भएको धारणा व्यक्त गर्नुभयो ।

“ऋषिमुनिहरूले तपस्या गरेको यहाँका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वको स्थलको संरक्षण र संवर्द्धन गरी सरोकारवालाको सहयोगमा उत्कृष्ट धार्मिक तथा आध्यात्मिक केन्द्र बनाएर विश्वकै ध्यान यसतर्फ केन्द्रित गर्न जरुरी छ, देवघाट धाम, गण्डकी नदी, तीनका सहायक नदीहरू तथा यहाँका विविध क्षेत्रको महत्वबारे परिचित गराउन जरुरी छ”, राष्ट्रपति पौडेलले भन्नुभयो । उहाँले देवघाट क्षेत्र विकास समितिको स्थापनाकालदेखि नै यहाँको समग्र विकासमा आफूले ध्यान दिएको स्मरण गर्दै यसको थप विकासमा पनि सधैँ साथ रहने विश्वास दिलाउनुभयो ।

राष्ट्रपति पौडेलले यति पवित्र भूमिमा वर्षौंदेखि एउटा झोलुङ्गे पुलको भरमा यस क्षेत्रका वासिन्दा र भक्तजनले आवतजावत गर्नुपर्ने कष्टकर अवस्थाको पुल निर्माणसँगै अन्त्य भएको बताउनुभयो । दशक लामो कठिन प्रयत्नपछि बन्दै भत्कँदै बनेको यो केवल एउटा पुल मात्र नभएर यस सेरोफेरोको कृषि, पर्यटन, व्यापार-व्यवसायलगायत विकासको बलियो जग खडा हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो । “देशविदेशबाट चितवन आउने जोकोहीलाई भरतपुरबाट सहज पहुँचको मार्गप्रशस्त गरेको यस पुलले देवघाटधामको सर्वाङ्गीण विकासको ढोका खोलेको छ, दुई प्रदेश र दुई जिल्ला जोड्ने यो पुल यही क्षेत्र भएर जाने शालिग्राममार्गको प्रस्थान बिन्दु हो”, उहाँले भन्नुभयो ।रासस

# अनुसन्धानले मात्र देशलाई सही दिशामा लैजाने :वक्ताहरु

**टुडे समाचारदाता**

काठमाण्डु । एक कार्यक्रममा वक्ताहरुले अनुसन्धानले मात्र देशलाई सही दिशामा लैजाने बताएका छन्।

नेपाल दार्शनिक अनुसन्धान केन्द्र (एनपीआरसी) र अनुसन्धानदाता समाजले शनिबार आयोजना गरेको ‘बहुविधा अनुसन्धानमा उदयमान मुद्दा’ विषयक कार्यक्रममा अनुसन्धानले मात्र देशलाई सही दिशामा लैजाने बताएका हुन् ।

त्रिभुवन विश्वविद्यालयका प्रा डा केशवराज जोशीले गाउँ तहसम्म पुगेर गहन ढङ्गले अनुसन्धान गर्नुपर्ने बताए । “ग्रामीण क्षेत्रका समस्या के छन्, समाधानका उपाय के हुनसक्छ, सरोकारवालाको भूमिका कस्तो रहन सक्छ, भन्ने विषयलाई गहन अध्ययन गर्नुपर्छ, उक्त अध्ययनले देश विकासमा सहयोग पुग्ने विश्वास मैले लिएको छु”, उनले भने।

प्रा डा जोशीले नेपालमा अनुसन्धान गर्ने क्रम कमी भएको बताउँदै समाजलाई योगदान गर्ने अनुसन्धान आवश्यक रहेको उल्लेख गरे। नेपाली सेना नर्सिङ क्याम्पसकी प्रा डा सरस्वती शर्माले अनुसन्धानलाई व्यापकता दिएर अगाडि बढ्न जरुरी रहेको बताए। अनुसन्धान क्षेत्रले मात्र नयाँ कुराहरु निर्माण गर्ने भएकाले नयाँ पुस्ता अनुसन्धानमा लाग्नुपर्ने उनको सुझाव थियो।

एनपीआरसीका अध्यक्ष डा तेजबहादुर कार्कीले दिगो विकासका लागि अनुसन्धानमा आधारित कार्यक्रम अगाडि बढाउनुपर्ने बताए। डा दशरथ न्यौपानेले अनुसन्धान क्षेत्रको विकासका लागि बहुविषयक अनुसन्धान आवश्यक रहेको बताए।

अनुसन्धानदाता समाजका अध्यक्ष डा दिवतकुमार श्रेष्ठले शिक्षा पद्दतिमा आमूल परिवर्तन गर्नका लागि नयाँ खोज र अनुसन्धान आवश्यक रहेको बताए। समाजका उपाध्यक्ष डा महेश्वरप्रसाद यादवले अनुसन्धानका नवीन विद्याहरु औँल्याउँदै अगाडि बढ्नुपर्ने जोड दिए । कार्यक्रममा अनुसन्धानदाताहरुले १५ वटा अनुसन्धानमुलक कार्यपत्र प्रस्तुत गरेका थिए।

# रानाथारुको उत्थान आवश्यक: उद्योग मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले रानाथारु समुदायको उत्थानका लागि व्यावसायिक योजना अघि सार्नुपर्ने बताएका छन् ।

नेपाल रानाथारु युवा समाजले पहिलो पटक शनिबार काठमाडौँमा आयोजना गरेको होली मिलन तथा खखडेहरा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले कैलाली र कञ्चनपुरमा मात्र बसोबास रहेको रानाथारु समुदायको आर्थिक समृद्धिका लागि आगामी बजेटमा विशेष व्यावसायिक कार्यक्रम ल्याउन आफुले पहल गर्ने बताए । कैलाली र कञ्चनपुरका बस्तीको विकास तथा सुदूरपश्चिमको पहिचानमा रानाथारु समुदायको महत्वपूर्ण योगदान रहेको स्मरण गर्दै उनले उद्योग मन्त्रालयबाट सो समुदायको आर्थिक उत्थान हुने कार्यक्रम बनाउन भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।



मन्त्री भण्डारीले लिखित रुपमै उत्पादनमुखी कार्यक्रम ल्याउन रानाथारु युवा समाजलाई आग्रह गर्दै व्यावसायिकरुपमा पहिचान झल्काउने गरी नयाँ बजेटमार्फत कार्यक्रम ल्याउने बताए ।

विभिन्न पेशा तथा व्यवसायमा पहिचान बनाएका रानाथारु समुदायको पहिचान सिङ्गो देशले देख्ने गरी काठमाडौँमा होली मिलन कार्यक्रम आयोजना गरेकामा उहाँले सो कार्यको प्रशंसा गरे । कार्यक्रममा थारु आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरी, पूर्वमन्त्री नारदमुनी राना, संविधानसभा सदस्य कृपाराम रानालगायतले कैलाली र कञ्चनपुरमा मात्र बसोबास रहेको रानाथारु समुदायको उत्थानका लागि गर्नुपर्ने विषयमा चर्चा गरेका थिए ।

होली मिलन कार्यक्रममा सहभागी हुन कैलाली र कञ्चनपुरबाट कलाकारसहितको छुट्टाछुट्टै टोली यहाँ आएका छन् ।


दर्ता नं : ३९४७/०६८/०६९ "सबैका लागि एक, एक का लागि सबै" प्यान नं : ६००५१८५७६

समृद्ध नेपाल कृषि सहकारी संस्था लि.
Samriddha Nepal Agriculture Co-operative Ltd.
मुख्य कार्यालय : बेथानचोक-२, दुङ्खर्क, काभ्रेपलाञ्चोक । Email: samriddha20511@gmail.com
Website: www.samriddhacooperative.com.np

**कर्मचारी आवश्यकता**


यस समृद्ध नेपाल कृषि सहकारी संस्था लि.शाखा कार्यालय जनकपुरधाम धनुषाका लागि तपसिल बमोजिमको योग्यता पुगेका कर्मचारीहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिकहरुले मिति २०८०/१२/१८ गतेदेखि ७ दिन भित्र कार्यालय समय भित्र आवश्यक कागजात सहित संस्थाको कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ ।

**तपसिल**

**पद** :- **बजार प्रतिनिधि**
**संख्या** :- केही
**उमेर** :-१८ वर्ष पुरा भै ५० वर्ष ननाघेका
**शैक्षिक योग्यता** :-आठौ कक्षा उतिर्ण
**छनौट प्रकृया** :-लिखित, मौखिक
**तलब सुबिधा** :-संस्थाको नियमानुसार
**आवश्यक कागजात**:- नागरिकता, शैक्षिक योग्यता, अनुभव प्रमाण पत्रको प्रतिलिपि
**नोट** :-सम्बन्धित क्षेत्रमा अनुभवी (DRIVING LICENSE) प्राप्त तथा स्थानीयलाई विशेष प्राथमिकता ।

थप जानकारीका लागि सम्पर्क

**समृद्ध नेपाल कृषि सहकारी संस्था लि.**
**शाखा कार्यालय, जनकपुरधाम, धनुषा**
**सम्पर्क फोन :-९८०१६६६८८६/९८०८०१६७७२**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मर्यादित एसईईमै सबैको भलो

देशमा एसईई परीक्षा जारी छ। दुई दिनको परीक्षा सम्पन्न भइसकेको छ। यस वर्ष दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कुल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी भएका छन्। केही अपवाद बाहेक समग्रमा दुई दिनको एसईई परीक्षा मर्यादित रुपमा नै सञ्चालन भएको छ। परीक्षालाई मर्यादित बनाउन परीक्षा समिति, सुरक्षाकर्मी, अभिभावक र स्वयं परीक्षार्थीको महत्वपूर्ण भूमिका रहेको छ। नतिजा आउने र उत्तीर्ण हुनु मात्र अध्ययन होइन्। अध्ययन गर्नेलाई ज्ञान हुनु पनि आवश्यक छ। परीक्षार्थीले पढेर, सिकेर उत्तीर्ण गरे त्यो बढी उपयोगी हुनेछ। परीक्षामा चिट चोरेर उत्तीर्ण त हुनेछन्। तर त्यसको उपादेयता भने राजनीति गर्न बाहेकमा रहने छैन्। राजनीतिमा डिग्रीको महत्व भए पनि अन्य क्षेत्रमा कार्यकुशलता नै महत्वपूर्ण हुन्छ। एसईई परीक्षालाई कुनै बेला नेपालमा फलामको ढोका मानिन्थ्यो। तत्कालीन एसएलसी परीक्षा उत्तीर्ण गर्नु भनेको सामान्य बात थिएन्। एसएलसी उत्तीर्ण गर्ने विद्यार्थीको विद्यालयमा मात्र नभई टोल परोस र गाउँमा समेत चर्चा हुन्थ्यो। एसएलसी परीक्षालाई कलेज प्रवेश गर्ने फलामे ढोका मानिन्थ्यो। तर अहिले कक्षा १२ सम्मलाई विद्यालय तहमा नै राखिएको छ। सबै परीक्षार्थी उत्तीर्ण हुने व्यवस्था मिलाइएको छ। तर समग्रमा ३५ प्रतिशत अंक नल्याउने परीक्षार्थीले कक्षा ११ मा नामांकन पाउने छैनन्। एसईईलाई मर्यादित रुपमा सञ्चालन गर्न सकिए त्यसमा नै सबैको भलो हुनेछ। एसईई परीक्षाको क्रममा रौतहट जिल्लामा शुक्रवार ५ सय बढी मोबाइल फोन बरामद गरिएको छ। नेपालमा कुनै पनि परीक्षामा डिजिटल वस्तुको प्रयोगमा रोक लगाइएको छ। मोबाइलबाट चिट चोर्ने गरेको देखिएकाले परीक्षार्थीहरुसित रहेको मोबाइल फोन परीक्षा समितिको समूहहरुले खोसेको प्रहरीले जनाएको छ। मोबाइलको सहयोगमा चोरी गरेर राम्रै अंक ल्याएर उत्तीर्ण पनि हुनेछ। तर त्यसको उपादेयता कमजोर रहने छ। एसईई विद्यार्थीको आधार हो। त्यो बलियो भए उच्च शिक्षा हासिल गर्न धेरै सहज हुनेछ। एसईई परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सबै निकायको सकारात्मक भूमिका आवश्यक छ।अध्ययन गरेर उत्तीर्ण हुने प्रतिस्पर्धात्मक एसईई परीक्षालाई बनाइनु पर्छ।

# नेताको झ्यालखाना यात्रा



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

भारतमा भ्रष्टाचारको अभियोगमा थुप्रै मुख्यमन्त्री र मन्त्रीहरुलाई कारागारमा बस्नुपरेको छ, आउँदो दिनमा पनि यो क्रम निरन्तर रुपमा चलिनै रहन्छ। विहारको लालुप्रसाद यादव, जगन्नाथ मिश्र, झारखण्ड शिबु सोरेनसहित ६ जनालाई मुख्यमन्त्रीका साथै तमिलनाडुका तत्कालीन उच्च शिक्षामन्त्री पोनमुडिलाई कारागारमा बस्नु परेको सामान्य उदाहरण हुन्। नेपालमा अकूत सम्पतिको अभियोगमा एक बहालवालामन्त्रीसहित तीनजनालाई उच्च अदालतबाट सजाय भएपनि अहिलेसम्म उच्चतहका कुनैपनि नेतामाथि भ्रष्टाचारको अभियोग पुष्टि भएको छैन्। भारतमा धमाधम नेताहरु पक्राउमा पर्न थालेपछि एक न एक दिन नेपालमा पनि भ्रष्ट नेताहरु कारागार जानुपर्ने अवस्था न निम्तने भन्न गाह्रो छ। नेपालको प्रजातन्त्रस्थापनापछि अधिकांस स्थानीयतहदेखि केन्द्रीयतहका नेताहरुको जीवनशैली उच्चस्तरको छ। त्यति सम्पति कसरी आर्जन गर्‍यो भन्ने विषयमा गहँरिएर छानविन भयो भने नेपालका कारागार अर्थात झ्यालखानाको स्वरुप नै फेरिनेछ। अहिले भारतको राजधानी दिल्लीका मुख्यमन्त्री केजरीवालकै चर्चा गरौं।

उनलाई प्रवर्तन निर्देशनालय अर्थात, इन्फोर्समेन्ट डाइरेक्ट्रोएट (इडी)ले पक्राउ गर्‍यो। भारत सरकारको अधिनस्थ रहेको सो संस्थाले हवाला, हुन्डी कारोवार र अवैध सम्पतिको सम्बन्धमा छानविन गरी कारवाही गर्ने गर्छन्। केजरीवाल पक्राउमा पर्ने अडकल धेरैले गरेको थियो। बारम्बार इंडीले केजरीवाललाई सोधपुछका लागि पत्र पठाउँदापनि उनी अटेर गर्दै रह्यो। उनको बोल्ने शैली र व्यवहारबाट स्पष्ट हुन्थ्यो भने पक्राउमा पर्ने सम्बन्धमा पूर्णरुपमा उनी विश्वस्त थिए,जस्तो आभाष हुन्थ्यो। किनकी, उनको दुई मन्त्री र साँसद रक्सी नीतिको घोटालामा पक्राउमा परिसकेको थियो। अव, आफ्नो पालो हो भने राम्ररी उनले सम्झेका थिए। उनले मोदीले आफूलाई पक्राउगर्न झुठो आरोपमा फसाउन खोजेको भन्दै लगातार नौंपटक ईडीको पत्रको जवाफ दिएन्। अन्ततः ईडीलाई अदालत जानु पर्‍यो। उच्च अदालतको आदेशपछि ईडीले केजरीवालको निवासमा पुगेर सोधपुछपछि उनलाई पक्राउ गरेको हो। उनीमाथि रक्सी ठेक्का दिनका लागि नयाँ नीति बनाएर करौंडोको घोटाला गरेको अभियोग लागेको छ। उनी आम आदमी पार्टीको अध्यक्ष समेत हुन्। झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनलाई इडीले नक्कली कागज बनाएर सरकारलाई जग्गा विक्रीमा अभियोगमा पक्राउ गरी कारागार पठाएपछि केजरीवालपनि पक्राउमा पर्ने सम्भावना देखिन थालिएको थियो।

ईडीको नजरमा रक्सीको लागि बनाइएको नीति निर्माणमा मुख्य भूमिका केजरीवालको छ। रक्सीको व्यापारीहरुलाई लाभ पुर्‍याएबापत रकम असुलेको आरोप छ। उक्त घोटालाको आरोपीहरुमध्ये समीर महेन्द्रुसँग विडियो काँलमा कुराकानी गरेको थियो। अर्का आरोपी विपय नायरसँग काम जारी राख्न केजरीवालले उनलाई नायर आफ्नै छोरोजस्तै रहेको बताएको थियो। नायर आम आदमी पार्टीको सो समयमा सञ्चार प्रमुख थिए। सम्भवतः उसको मार्फत केजरीवालले रकम मगाएको थियो।

केजरीवालका साथै उनका पार्टीका नेताहरुले राजनीतिक प्रतिशोध साध्न नरेन्द्र मोदीले आफ्नो मातहतका ईडीमार्फत झुठो मुद्धामा फसाएर पक्राउ गर्न खोजेको आरोप लगाउँदै आइरहेका छन्। भ्रष्टाचारको अभियोगमा नेता र कर्मचारीहरु पक्राउमा पर्ने कुरा त्यति आश्चर्यको विषय होइन्। तर, जुन पार्टीको जन्म भ्रष्टाचारको अन्त्यका लागि नै भयो, त्यो पार्टीका मुखियानै भ्रष्ट्राचारमा मुछिएको खवरले धेरैलाई झस्काएको छ। गान्धीवादी समाजसेवी अन्ना हजारेले सन् २०११मा भ्रष्टाचार विरोधी आन्दोलन शुरु गर्‍यो। हजारेको नेतृत्वमा अरविन्द केजरीवालहरुले आमरण अनसन र धरनालगायतका कार्यक्रममा सहभागी भएको थियो। हजारेले भ्रष्टाचारीमाथि कारवाहीका लागि लोकपाल आयोग बनाउनुपर्ने माग केन्द्रीय सरकारसमक्ष राखेको थियो। त्यसपछि, उनको उपस्थितिमा २०१२को २ अक्टुबरको अरविन्द केजरीवालको अध्यक्षतामा आम आदमी पार्टीको गठन भयो। सो बेलाको सामाजिक सञ्जालमा भाइरल केजरीवालको अभिव्यक्ति सुन्दा आश्चर्यमा परिन्छ। उनी पहिलोपटक मुख्यमन्त्री बनेपछि पार्टीका कार्यकर्ताको सम्बोधनमा उनले जोकोही भ्रष्ट्राचार गर्छ उनलाई जेल जानु पर्छ। मपनि भ्रष्ट्राचार गर्छु भन्ने कारागार जानुपर्छ भनेर बोलेको भिडियो यतिखेर, व्यापक रुपमा भाइरल भएको छ। समयको खेल हेर्नुस, केजरीवाललाई जेल जाने मार्ग तयार भइसकेको देखिन्छ। भनिन्छ, बोल्ने बेलामा होस पुर्‍याएर बोल्नुपर्छ। उनले, आफू सत्तामा पुगेपछि सर्वसाधारणभैं जीवन विताउने, सुरक्षा गार्डपनि नराख्ने सार्वजनिक रुपमै अभिव्यक्ति दिएको थियो। तर, त्यो प्रतिबद्धताको विपरीत करिव दस करोडको लागतमा मुख्यमन्त्री आवासको श्रृङ्गारमैं खर्च गरेको थियो। एउटा झ्यालको पर्दाकै मूल्य चार लाख रुपैयाँ पर्दथ्यो। यस किसिमका तडकभडक श्रृङ्गारको भारतमा व्यापक आलोचना भएको थियो।



दिल्लीका मात्रै नभई पञ्जावका पनि एकमन्त्री भ्रष्टाचारको अभियोगमा कारागारमा छन्। पञ्जावमा केजरीवालको आम आदमी पार्टीको सरकार छ। यसका साथै, साँसद सञ्जय सिँहपनि कारागारमा छन्। अव, स्वयं केजरीवाल कारगार जाने अवस्थामा पुगेका छन्। केजरीवालले दिल्लीका स्वास्थ्यमन्त्री सत्येन्द्र जैन कारागार पुगिसकेपनि उनलाई करिव एक बर्षसम्म मन्त्री पदमा राख्यो। उपमुख्यमन्त्री मनिस सिसोदिया कारागार पुगेपछि महिनोसम्म उनले पनि आफ्नो पदमा यथावत रह्यो। केजरीवाल दुरुगामी सोचको नेता मान्नुपर्छ। रक्सीको घोटालामा मन्त्री जैन पक्राउमा परेपछि केजरीवालले यस विषयमा गहिरो अनुसन्धान भयो भने आफूपनि पक्राउमा पर्नसक्ने भय उनलाई भएको हुनुपर्छ। जैन कारागार पुग्नासाथ मन्त्रीबाट राजीनामा गराएको भए, अहिले केजरीवालपनि पक्राउमा पर्नासाथ राजीनामा गर्नुपर्ने थियो। कारागार जाने मन्त्रीसँग राजीनामा लिएपछि आफू जेल जाँदा राजीनामा नगर्ने भन्ने गम्भीर आरोप लाग्ने थियो। अहिले भारतमा केजरीवालकी श्रीमती सुनिता केजरीवालका साथै दिल्ली सरकारका मन्त्री, सोपार्टीलगायत इन्डी गठबन्धनका नेताहरु केजरीवालले कारागार पुगेपनि राजीनामा गर्नु पर्दैन भनेर धारणा राख्दै आइरहेको देखिन्छ। उनीहरुले नेताहरुले कारागारबाट परीक्षा दिन सक्ने, मतदान गर्न पाउने, विहेवारीमा घर पुग्ने सक्ने अनि कारागारबाट सरकार चलाउन किन नसक्ने जस्ता तर्क प्रस्तुत गरिरहेका छन्।

दिल्लीका जनताले अरविन्द केजरीवाललाई तीनपटक मुख्यमन्त्रीको कुर्सीमा आसिन गराएको हो। काँग्रेसको समर्थन लिएर पहिलोपटक मुख्यमन्त्री बनेको एक महिनापछि उनले राजीनामा गरेको थियो। दोश्रोपटक भारी बहुमतका साथ जित हात प्राप्त गर्‍यो। दिल्ली विधानसभाको ७० मध्ये ६६ सिटमा जितेको थियो र भाजपामात्र चार सिटमा सीमित भएका थिए। त्यसपछि, केजरीवालले पार्टीमा सशक्त पकड बनाउनका लागि भविष्यमा चूनौंति दिन सक्ने नेताहरुलाई पार्टीको मुख्य भूमिकाबाट अलग गर्दै पार्टी छोड्नका लागि बाध्य पार्‍यो। सो पार्टीका संस्थापक नेताहरुमा चर्चित कवि कुमार विश्वास, जोगेन्द्र यादव र कपिल मिश्रालगायतका व्यक्तिहरुलाई पार्टी छोड्नुपरेको हो।

### के हो दिल्ली आबकारी नीति (एक्साइज पोलोसी)

दिल्लीमा केजरीवाल नेतृत्वको सरकारले सन् २०२१को नोवेम्वरमा नयाँ उत्पादन शुल्क नीति लागू गर्‍यो। भारतमा रक्सी विक्रीको लागि इजाजतपत्र दिंदा थुप्रै नियमको पालना गर्नुपर्छ। दिल्लीमा ४० प्रतिशत र ६० प्रतिशत निजी पसल थियो। रक्सी नीतिमा फेरबदल गर्दा नीजिको सङ्ख्या थपिँएको र सरकार पसलको सङ्ख्या घटाइयो। विक्रीकर शुल्क ५ प्रतिशतलाई बढाएर १२ प्रतिशत गरेको थियो। यि नियमहरुमा परिवर्तन गर्दा करौंडो आर्थिक चलखेल भएको चर्चाले तीव्रता लियो। सो नीतिले करौंडो आर्थिक घोटालाको आरोप लाग्न थालेपछि आठ महिना नवित्दै दिल्ली सरकारले सो नीति रद्द गरी पुरानै नियम कायम गर्‍यो। दिल्ली सरकारको सो नीति ठीक थियो भने रद्द किन गर्‍यो भनेर विवाद झन बढ्दै गयो। उत्पादन शुल्कको सो नीतिमाथि सीबीआईबाट र अर्को ईडीले कथित मनी लाँन्ड्रिग मामिला गरी दुईवटा मुद्धा दर्ता भयो।

सन् २०२२मा दिल्लीको मुख्य सचिव नरेश कुमारले उपराज्यपाल विनयकुमार सक्सेनासमक्ष पेश गरेको प्रतिवेदनमा २०२१-२२ लागू गरिएको सो नीतिमा प्रक्रियात्मक कमजोरी ओल्याएको थियो। सो नीतिमा अर्थमन्त्री मनिष सिसोदियाद्वारा जारी गरिएको "मनपर्दी र एकपक्षीय नीतिहरु"को परिणामस्वरुप दिल्लीको राज्यकोषमा ५८० करोडको वित्तीय नोक्सान भएको भनेर सो प्रतिवेदनमा उल्लेख गरिएको थियो।

मुख्य सचिवले मदिरा विक्री गर्नका लागि अनुमतिपत्र (लाइसेन्स)को शुल्कमा छुट र पसलको सङ्ख्यामा बृद्धि, जरीवानामा छूटका साथै कोभिड-१९को कारण सिर्जित समस्यालाई सरल ढङ्गले समाधान गरिदिने भनेर रक्सी व्यवसायका सञ्चालकसँग आम आदमी पार्टीका नेताहरुले घुस लिएको ईडीको आरोप छ। उक्त रकम पञ्जाव र गोवाको निर्वाचनलाई प्रभावित गर्न खर्च गर्न पठाइएको भनेर सीबीआईलाई जानकारी गराइएपछि २६ जनवरी २०२३मा सिसोदिया पक्राउमा परेको थियो। सत्येन्द्र जैन एक बर्षभन्दा बढी समयदेखि उनी कारागारमा छन्।

### आप नेता र कारागारको नाता

स्थापना भएको एक दसकको अवधिमा आम आदमी पार्टीले जुन गतिमा लोकप्रियता प्राप्त गर्‍यो सोही गतिमा सो पार्टीका नेताहरु विवादित बन्दै गएको हो। सो पार्टीको अहिलेसम्म विभिन्न आरोपमा पाँचजना मन्त्री र एक दर्जनको हाराहारीमा विधानसभा सदस्य र साँसद्हरु पक्राउ परी कारागार पुगेका छन्। दुईजना मन्त्रीलाई त घुस लिइरहेको समयमैं पक्राउ गरिएको हो। एक मन्त्रीलाई नक्कली शैक्षिक प्रमाणपत्र राखेको अभियोगमा पक्राउ गरिएको थियो। चौंथो स्वास्थ्यमन्त्री सत्येन्द्र जैनलाई मनी लान्ड्रिगको मुद्धामा पक्राउ गरेको हो। पाँचो उपमुख्यमन्त्री मनिष सिसोदिया र सो पार्टीको साँसद सञ्जय सिँहपनि पक्राउमा परेका छन्।जैन, सिसोदिया र सिँह अहिलेसम्म कारागारमैं छन्। ईडीले जैनको चार करोड ८१ लाखको उनको सम्पति जफत गरिसकेको छ।

खाद्य आपूर्तिमन्त्री आसिम अहमद खानलाई २०१८ सालमा एक विल्डरबाट ६ लाख घुस लिएको आरोपमा केजरीवालले उनलाई मन्त्री पदबाट हटाएको थियो। सन् २०१५मा दिल्ली सरकारको कानुनमन्त्री जितेन्दसिँह तोमरलाई कानुनमा स्नातक गरेको नक्कली प्रमाणपत्रको अभियोगमा पक्राउमा परेको थियो। महिला एवम् बालकल्याण विकासमन्त्री संदिपकुमार महिलालाई बलात्कार गरेको अभियोगमा २०१६मा मन्त्री पदबाट हटाइएको थियो। उनीमाथि राशन कार्ड बनाइ दिने बहानामा बलात्कार गरेको अभियोग लागेको थियो।

पञ्जावमा पनि आम आदमी पार्टीको सरकार छ। भागवतमान मुख्यमन्त्री हुन्। सो प्रदेशका स्वास्थ्यमन्त्री विजय सिँघलालाई भ्रष्टाचारको अभियोगमा पक्राउ गरी कारागार पठाइएको छ। एक बोलपत्रको आह्वानपछि कमिशन मागेको आरोपमा मन्त्री पक्राउमा परेका हुन्।

आम आदमी पार्टीका नेता सोमनाथ भारतीपनि पटक पटक विवादमा परेका छन्। उनले आफ्नी पत्नीलाई मानसिक प्रताडना दिएको गम्भीर आरोप छ। सात महिनाकी गर्भवती पत्नीतर्फ कुकुर छोडेर डराउने गर्दथ्यो। डराएर लडेपछि गर्भपतन गराउनु उनको निम्नस्तरको सोच थियो। २०१३मा उनकी श्रीमती लिपिका मित्राले घरेलु हिंसासम्बन्धी मुद्धा स्थानीय प्रहरीमा दर्ता गराएको थियो। कानुन, पर्यटन एवम् सामाजिक सुधारमन्त्री पदमा आसिन भारतीलाई २०१४मा राजीनामा गर्नुपर्‍यो। विधायक नरेश यादवमाथि ईशनिन्दाको अभियोग लागेको थियो। त्यो मुद्धाबाट २०२१ उनी निर्दोष प्रमाणित भएका भएका थिए। विधायक अखिलेशपति त्रिपाठीलाई २०१९मा दिल्ली प्रहरीले पक्राउ गरेको थियो। उनी अदालतमा हाजिर नभएको अभियोगमा पक्राउमा परेका थिए। उनीमाथि २०१५मा दङ्गा भड्काएको आरोप लागेको थियो। विधायक मनोज कुमार १० जुलाई २०१५मा प्रहरीले ठगी र जमीन कब्जा गरेको साथै घरेलु हिंसाको अभियोग लागेको थियो। २०२० मा प्रहरीले उनलाई घरेलु हिंसाको अभियोगबाट मुक्त गरेको थियो। विधायक शरद चौंहानलाई कार्यकर्ता सोनी मिश्राको हत्याको अभियोग सन् २०१६मा प्रहरीले पक्राउ गरेको थियो। विधायक दिनेश मोहनिया महिलासँग अभद्र व्यवहार गरेको अभियोग सन् २०१६मा पक्राउमा परेको थियो।

विधायक अमानतुल्ला खानमाथि सन् २०१६मा आफ्नी सालीलाई आपतिजनक ढङ्गले जिस्काएको अभियोगमा मुद्धा दर्ता भएको थियो। विधायक प्रकाश जारवाल २०१७मा ५३ बर्षीय महिलालाई जिस्काएको अभियोगमा नराम्ररी फसेको थियो। सन् २०१८मा मुख्य सचिव अंशु प्रकाशसँग झगडा गरेपछि प्रहरीले उनलाई विवाह समारोहको स्थलबाट पक्राउ गरेको थियो। यसो हेर्दा, आम आदमी पार्टीका नेताहरु प्रायः विवादको घेरामा पर्ने गरेको छ। 'इतिश्री'

# बाल हिंसा किन रोकिन्न ?

गोविन्द विक

नेपालको संविधान २०७२ ले बाल हिंसालाई पूर्ण रूपमा निषेध गरेको छ। संविधानको धारा ३९ मा बालबालिका सम्बन्धी हकको व्यवस्था छ। धारा ३९ को उपधारा ६ मा कुनै पनि माध्यम वा प्रकारले बालबालिकामाथि दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने उल्लेख छ।यसैगरी सोही धाराको उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था छ।

यदि यी व्यवस्था विपरीतका कार्य भए दण्डनीय हुने स्पष्ट व्यवस्था समेत संविधानमा गरिएको छ। बालबालिकामाथि हुने हिंसालाई कानुनले निषेध गरे तापनि व्यावहारिक रूपमा बालबालिकामाथि हिंसा रोकिएको छैन।बालबालिका सम्बन्धी बनेका अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र नेपाल पनि हो। बालबालिकाको अधिकार पूर्ण रूपमा सुनिश्चित गर्नका लागि राज्यको प्रतिबद्धता पनि छँदैछ।संघीय कानुनसँग नबाझिने गरी स्थानीय तहले कार्यविधि निर्देशिका बनाएर काम गर्ने अधिकार हुँदाहुँदै पनि बालअधिकार सुनिश्चितताका लागि प्रभावकारी काम भएको पाइँदैन।

बालबालिका सम्बन्धी ऐन २०७५ ले पनि बालमैत्री व्यवहारका विषयमा प्रष्ट पारेको छ। सबै स्थानीय तहमा नगर र वडा स्तरको बालअधिकार गठन गरी बालअधिकार प्रवर्द्धन सहित बालबालिकाको हितमा काम गर्ने व्यवस्था छ।सबै स्थानीय तहमा बालकल्याण अधिकारीको नियुक्ति गरी बालहितमा काम गर्नुपर्ने नीतिगत व्यवस्थामा कुनै कमि छैन। बालबालिका सम्बन्धी बनेको पछिल्लो नियमावली २०७८ मा पनि बालमैत्री व्यवहारदेखि बालबालिकाको क्षमता



वृद्धिसम्मका नीतिगत व्यवस्था उल्लेख गरिएकै छन्।

राष्ट्रिय बालअधिकार परिषद्का अनुसार एकदेखि चौध वर्ष उमेर समूहका बालबालिकामध्ये ८२ प्रतिशतले शारीरिक तथा मानसिक कुनै सजाय पाएको देखिएको छ। प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न किसिमका लैंगिक हिंसाबाट २ हजार ५४३ जना बालबालिका पीडित भएको पाइएको छ।

नेपाल प्रहरीको २०७८/७९ को रेकर्ड हेर्दा पनि ९६ जना बालिकामाथि जबरजस्ती करणी भएको र त्यसमध्ये ६१ जना बालिका ११ देखि १६ वर्ष उमेरका रहेको देखिन्छ। जबरजस्ती करणी हुनेमा ११ देखि १८ वर्ष उमेरका बालिकाको संख्या ५६ प्रतिशत रहेको अध्ययनले देखाउँछ। यसरी बालिकाहरू असुरक्षित बनिरहनु भनेको बालअधिकार कार्यान्वयनमा राज्यका लागि थप चुनौती देखिनु हो।

कलिला बालबालिकालाई यौनको भोक मेट्ने साधनको रूपमा जबरजस्ती स्थापित गर्न खोज्नेहरूको भीडले आज हरेक बालिकाहरूलाई त्रसित मात्रै बनाएको छैन उनीहरूको अस्तित्व नै धरापमा पार्ने काम समेत भइरहेको छ।

विशेषगरी बालबालिका असुरक्षित हुनुमा राज्यको कमजोरी त छँदैछ अभिभावकको बेवास्ता पनि त्यत्तिकै जिम्मेवार छ। घरमा होस् वा विद्यालय; छात्रावासमा होस् वा बालआश्रम बालिकाहरू असुरक्षित भइरहेका छन्। निर्मला पन्त, सम्झना कामी, भागीरथी भट्टराई, कोशिला कुमारी यी बालिकाहरूको हत्या सम्झँदा अझै पनि हाम्रो मन बेचैन हुन्छ।

चितवनकी शलिना पोखरेलको मृत्यु प्रकरणले सिंगो राष्ट्रलाई नै रुवाएको छ। पारिवारिक विखण्डनको मारमा परेकी शलिना घाँटीमा पासो लगाएर झुन्डिएको कारण मृत्यु भएको पोष्टमार्टम रिपोर्टले देखाएको छ।

विशेषगरी बालबालिकामाथि हुने हिंसाजन्य घटनाबाट जोगाउनका लागि आभिभावकको भूमिका महत्वपूर्ण हुने कुरामा कुनै द्विविधा छैन। बालबालिकाका लागि पहिलो सुरक्षाकर्ता बुबा-आमा नै हुन्। बालबालिकालाई शोषणरहित वातावरणमा हुर्कने अवसर अभिभावकले तयार गर्ने हो तर कतिपयका घरपरिवारमा त्यस्तो देखिएको छैन। अभिभावकको विच्छेद वा बुबा-आमाको विखण्डनमा परेका वा पारिएका परिवारको मायाभन्दा निकै पर रहेका बालबालिका हिंसामा परेका छन्।

सबै स्थानीय तहमा बाल मनोसामाजिक कर्ता हुनुपर्ने कानुनी व्यवस्था छ तर पनि अझैसम्म कतिपय स्थानीय तहहरूले बाल मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरेका छैनन्। जसका कारण समस्यामा परेका बालबालिकालाई पहिचान गरी दुर्घटनाबाट जोगाउन नसकिएको देखिन्छ।

कुनै पनि बालक वा बालिका पारिवारिक वा व्यक्तिगत समस्याले विचलित भएको अवस्थामा मनोसामाजिक परामर्श दिन सकियो भने सम्भावित दुर्घटनाबाट जोगाउन सकिन्छ तर अभिभावक वा संरक्षकको ध्यान यसतर्फ भएको देखिंदैन।

बालिकामाथि हुने हिंसा, बलात्कारमा संलग्न जो-कोहीलाई पनि कारबाहीको संरक्षण गर्नु अर्को अपराध भइरहेको पनि देखिन्छ। जब दुर्घटना हुन्छ त्यसलाई सामान्य रूपमा लिएर विभिन्न संघ-संगठनहरू पीडकलाई उन्मुक्ति दिने प्रपञ्चमा लिप्त हुने गरेका नजिरहरू पनि नभएका होइनन्।

घटनाहरू सामसुम पार्ने खेलहरू पनि भएका समाचार पढ्न पाइन्छ। पितृसत्तात्मक मानसिकतामा रुमलिएको हैकमवादी व्यवहारको अभ्यासले महिलालाई जहिल्यै पनि कमजोर र सन्तान उत्पादनको कारखाना मात्रै सोच्ने प्रवृत्तिको अन्त्य नगरुन्जेल बालिकाहरू यौन पिपासुको शिकार बनिरहन्छन्।

बलात्कारको विरुद्धमा कानुनी अवस्थाको कुरा गर्दा मुलुकी अपराध संहिता २०७४ ले जबरजस्ती करणीको मुद्दामा पीडितको उमेर अनुसार सजायको फरक-फरक व्यवस्था गरेको छ। संहिताको परिच्छेद १८ मा करणी सम्बन्धी कसुरमा पीडित १६ वा त्यसभन्दा बढी १८ वर्षसम्मका महिला भए १० देखि १२ वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ। पीडित १८ वर्षभन्दा माथि उमेरको महिला भए ७ देखि १० वर्षसम्म सजाय तोकिएको छ।

बालिकाहरूमाथि हुने हिंसा र बलात्कारका घटना कुनै कोणबाट क्षम्य हुँदैनन् र हुनु पनि हुँदैन। विशेषगरी पहिलो सुरक्षाकर्ता अभिभावक नै आफ्ना बालबालिकाप्रति सचेत र चनाखो हुनु पहिलो शर्त हो। राज्यले पनि बालिकाहरूमाथि हुने गरेका हिंसाजन्य अपराधहरूमा कडा निगरानी राख्नुपर्दछ। राज्यले बालबालिकाको अधिकार प्रचलनका लागि व्यवहारमै कार्यान्वयन गर्न अझै सशक्त हुनु आवश्यक छ।

विशेषगरी स्थानीय तहले बालबालिकाको सुरक्षाको लागि पहिलो प्राथमिकताका साथ सामाजिक जागरण अभियान सशक्त रूपमा सञ्चालन गर्न आवश्यक छ भने अभिभावकहरूले आफ्ना बालबालिकालाई हिंसाबाट जोगाउनका लागि पर्याप्त समय दिन आवश्यक छ। बालबालिकाका लागि काम गर्ने विभिन्न गैरसरकारी संस्थाहरूले पनि बालिकाहरूको सुरक्षाका लागि विशेष संरक्षण अभियान थाल्न जरूरी छ।

# शान्ति प्रक्रिया टुङ्ग्याउन राष्ट्रिय सहमति जुटाउँछौँ: प्रधानमन्त्री दाहाल



**काठमाण्डु ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन र विकास तथा समृद्धिका लागि राष्ट्रिय सहमति जुटाउन आफू प्रयासरत रहेको बताउनुभएको छ ।

रिपोटर्स क्लबको २६औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले शान्ति प्रक्रिया र संवैधानिक परिषद्का विषयमा आज नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गर्न लागेको समेत बताउनुभयो ।

"शान्ति प्रक्रिया र संवैधानिक परिषद्सँग सम्बन्धित विषयमा आज गम्भीर छलफल गर्दैछौँ । सकेसम्म मेरो कोसिस सबै राजनीतिक दललाई सहमतिमा ल्याएर राष्ट्रिय सहमति र समझदारीको वातावरण बनाउनु नै हो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "कहिले नेपाली कांग्रेससँग नजिक हुँदा एमालेका र एमालेसँग नजिक हुँदा कांग्रेसका साथीहरूले मन दुखाउनुभएको छ । हामीलाई चाहिएको सुशासन र समृद्धि हो । त्यसका लागि राष्ट्रिय सहमतिको वातावरण बनाउन सकेनौँ भने निकै अप्ठ्यारो स्थितिको सामना हामीले गर्नुपर्नेछ ।"

सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा केही मानकहरू स्थापित गर्ने तथा अन्तर्राष्ट्रिय जगत्मा नेपालको आवश्यकता के हो भन्ने कुरालाई मुखारित गर्न वर्तमान सरकार प्रयासरत रहेको दाहालको भनाइ छ ।"नयाँ संविधान निर्माणपछि देश अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको अभ्यासमा छ । सङ्घीय प्रणालीअनुसार आवश्यक ऐन, कानुनको तर्जुमा गर्दै लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउनु आजको राष्ट्रिय कार्यभार बन्न पुगेको छ । वैदेशिक सम्बन्धलाई सन्तुलनमा राख्दै आफ्नो आर्थिक समृद्धिको दिशामा अग्रसर हुनुपर्ने चुनौती हाम्रासामु छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

तीन तहको सरकारका बीचमा आयोजना छनोटमा देखिएको अराजकता हटाउने र उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्नेगरी आगामी आर्थिक वर्षको बजेट ल्याइने पनि उहाँले बताउनुभयो । सरकार पूर्ण स्वतन्त्रताको पक्षमा रहेको तथा सञ्चारमाध्यम र सञ्चारकर्मीको हितका निम्ति प्रतिबद्ध रहेको बताउनुहुँदै प्रधानमन्त्री दाहालले आमसञ्चार माध्यममा सबै जाति, वर्ग, भाषा र समुदायको पहुँच बढ्नेगरी सञ्चार नीतिमा पुनरावलोकन गर्न लागिएको उल्लेख गर्नुभयो ।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पनि आज तीन शीर्ष दलका नेतृत्वबीच छलफल हुन लागेको बताउनुभयो । पूर्वप्रधानमन्त्री ओलीले पत्रकारिता क्षेत्रमा लागेका व्यक्तिहरूले आफ्नो व्यावसायिक सिद्धान्त र धर्म निभाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । पत्रकारिता क्षेत्रमा र मुलुकका विभिन्न राजनीतिक घटनाक्रमका बेला रिपोटर्स क्लबले महत्त्वपूर्ण भूमिका खेलेको ओलीको भनाइ छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता डा प्रकाशचन्द्र लोहनीले मुलुकमा राजनीतिक स्थिरताबिना आर्थिक विकास सम्भव नरहेको बताउनुभयो । नयाँ संविधान जारी हुँदै गर्दा सबै राजनीतिक दलले सेवा प्रवाह सहज बनाउने, आर्थिक सुशासन कायम गर्ने, विकास तथा समृद्धि कायम गर्ने भनेकामा त्यसो हुन नसकेको उहाँको भनाइ छ ।

उहाँले कृषि र औद्योगिक क्षेत्र विकास घट्दै गएको भन्दै पुँजीगत खर्च गर्ने क्षमता कम भएको तथा सार्वजनिक संस्थानहरू धरासायी बन्दै गएको बताउनुभयो ।आम जनता पार्टीका अध्यक्ष तथा सांसद प्रभु साहले पछिल्लो समय राजनीतिक नेतृत्वप्रति विश्वास गुम्दै गएको बताउनुभयो । राजनीतिक नेतृत्व कुशासन र भ्रष्टाचारमा लिप्त भएका कारण नागरिकमा नेतृत्वप्रति वितृष्णा बढ्दै गएको आरोप उहाँले लगाउनुभयो ।

नेपालबाट ठूलो परिणाममा पुँजी पलायन भइरहेको उहाँको भनाइ थियो । श्रम स्वीकृति लिएर विदेश गएका नेपालीको संख्याको तुलनामा निकै कममात्र रेमिट्यान्स नेपाल भित्रिएको साहको दाबी छ । हुण्डी कारोबार मौलाएका कारण न्यून रेमिट्यान्स आइरहेको उहाँको भनाइ छ ।

जनमत पार्टीका नेता एवं पूर्वमन्त्री अब्दुल खाँले सांसदहरूले आफ्नो दलभन्दा माथि उठेर जनताको कामलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । मुस्लिम धर्मालम्बीको पर्व इदको समयमा संसद् नचलाउन पनि उहाँले आग्रह गर्नुभयो ।नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले अर्थतन्त्र सङ्कुचित रहेको अवस्थाबाट बाहिर ल्याउनका लागि निजी क्षेत्रले सरकारसँग समन्वय गरिरहेको बताउनुभयो । उहाँले पर्यटन आगमन र विप्रेषण आप्रवाह बढेको, विदेशी मुद्रा सञ्चिति बढेको, बैंक वित्तीय संस्थामा तरलता पर्याप्त रहेको बताउनुभयो । यद्यपि आम मानिसमा अझै मनोबल बढ्न नसकेको उहाँको भनाइ छ ।

"हाम्रा कतिपय विकास आयोजनाको कम खर्चका कारण तथा खर्चको भुक्तानी नभएका कारण र नीतिगत समस्याका कारणले व्यावसायिक गतिविधि चलायमान हुनसकेको छैनन् ।

बाह्य क्षेत्र सन्तुलित र सकारात्मक हुँदा नियामकीय व्यवस्थालाई केही सहज बनाउनुपर्छ", उहाँले भन्नुभयो, "हामी नकारात्मक कुरामात्रै गर्दा आम मानिसको मनोबल घट्छ, त्यसकारण सकारात्मक भाष्य प्रयोग गरौँ ।

"नीतिगत परिवर्तन गर्दा सरकारले निजी क्षेत्रको पनि सुझाव लिइनुपर्ने ढकालले बताउनुभयो । आगामी वैशाखमा आयोजना हुनलागेको लगानी सम्मेलनमा निजी क्षेत्रको तर्फबाट विभिन्न कानुनी सुधारका लागि सुझाव दिएको र ती कानुन द्रुतगतिमा संशोधन गरिनुपर्ने उहाँको भनाइ छ ।रासस

# कृत्रिम बौद्धिकताको प्रयोग नयाँ युगको आरम्भ: उपाध्यक्ष पाण्डे

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष सुरेन्द्र पाण्डेले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग विश्वमा नयाँ युगको आरम्भ गर्नाका साथै चुनौती पनि थपेको बताएका छन् ।

सो पार्टीको विज्ञान तथा प्रविधि विभागले शनिबार आयोजना गरेको कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) तथा नवीन प्रविधिका विषयक राष्ट्रिय सम्मेलनमा महासचिव पोखरेलले आधुनिक समयमा सूचना, विज्ञान र प्रविधिलाई आत्मसात् गर्नुको विकल्प नभएको उल्लेख गरे ।



कार्यक्रममा सो पार्टीका महासचिव शङ्कर पोखरेलले प्रविधिको विकासलाई आत्मसात् गरेर मात्र समृद्धि प्राप्त गर्न सकिने बताउँदै आफ्नो पार्टीले यस क्षेत्रलाई सधैँ महत्व दिँदै आएको जनाउनुभयो । विभागका प्रमुख टङ्क कार्कीले आर्टिफिसियल इन्टेलिजेन्सको विकास, यसको प्रभाव र नीतिगत व्यवस्थाका विषयमा बहस गर्नुपर्नेमा जोड दिए । सो विभागका सचिव सञ्जीव रोकाहाका अनुसार कार्यक्रममा सूर्यबहादुर बस्नेत, रमेश पौडेल, डा झनक पराजुली, विवेक रानाले आर्टिफिसियल इन्टेलिजेन्सका विविध पक्षबारे प्रस्तुतिकरण गरेका थिए ।

# सबै राजनीतिक दल एक हुनुपर्नेमा राष्ट्रपतिको जोड

**टुडे समाचारदाता**

दमौली । राष्ट्रपति रामचन्द्र पौडेलले देश निर्माणका लागि सबै राजनीतिक दल एकजुट हुनुपर्नेको अर्को विकल्प नरहेको बताएका छन् । तनहुँको देवघाट गाउँपालिका-५ मा निर्माण हुने ज्येष्ठ नागरिक भवनको शनिबार शिलान्यास गर्दै राष्ट्रपति पौडेलले विकास निर्माणमा एकजुट हुन आफूले राजनीतिक दलका नेताहरुलाई भन्ने गरेको बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रु १५ करोड लगानीमा निर्माण हुन लागेको १८ कोठे भवनको राष्ट्रपति पौडेलले शिलान्यास गरेका हुन् ।

उनले पञ्चायतका कठिन दिनहरुमा आफूहरु त्यहाँ सङ्गठन निर्माण गर्न जाँदा गरिबी र अभावले खानसमेत नपाइने अवस्था रहेको स्मरण गर्दै लोकतन्त्रपछि त्यस क्षेत्रले काँचुली फेरेको बताए । गाइघाटमाथिको एउटा वडामा मात्रै पनि करोडौको सुन्तला फल्ने गरेको र त्यसलाई बजारसम्म पुऱ्याउन त्यहाँ पुलको आवश्यकता रहेको उनको भनाइ छ । राष्ट्रपति पौडेलले पवित्र तपोभूमि कालीगण्डकी र त्रिशूलीको सङ्गम देवघाटमा ज्येष्ठ नागरिक भवन बनेपछि त्यो भवन पूर्वीय दर्शन र वेदान्त चिन्तनको छलफल गर्ने स्थल बन्ने धारणा व्यक्त गरे ।

राष्ट्रपति पौडेलले प्रतिगामीहरुको स्वर्ग अतितमा हुने र लोकतन्त्रवादी तथा समाजवादीहरूको स्वर्ग भविष्यतिर हुने समेत उल्लेख गरे । "अहिले निराशा छ भनेर प्रतिगामीले हल्ला फैलाएका हुन्, प्रतिगामीहरुको स्वर्ग अतितमा हुन्छ, तर हामी लोकतन्त्रवादी र समाजवादीहरुको स्वर्ग भविष्यमा छ, हामी भविष्यलाई स्वर्ग बनाउँछौ", उनले भने ।

उनले विदेश पलायन भएर यहाँ केही नभएको भनेर कुरा काट्नु पनि अनुचित भएको बताउँदै हाम्रो देश पृथ्वीमै स्वर्ग जस्तै छ, यसैलाई यही बसेर देश बनाउनुपर्छ, अब विदेश पलायन रोकिनुपर्नेमा सबैलाई सजग हुन उनले आग्रह समेत गरेका थिए ।

# विकसित मुलुकका रुपमा स्थापित गर्न मित्रराष्ट्रको सहयोग आवश्यक : संचारमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकलाई विकसित मुलुकको रुपमा स्थापित गर्न मित्रराष्ट्रहरुको सहयोग आवश्यक रहेको बताएकी छन् ।



जापानिज युनिभर्सिटिज एलुम्नाई एशोसियसन (जुआन) नेपालको वार्षिक कार्यक्रम तथा ५०औं स्वर्णजयन्ती समापनका अवसरमा शनिबार आयोजित कार्यक्रममा मन्त्री शर्माले जतिसक्दो चाँडो विकासशील हुँदै नेपाललाई विकसित मुलुकका रुपमा स्थापित गर्न जापानसहित सबै विकसित मित्रराष्ट्रबाट आवश्यक सहयोगको अपेक्षा गरिएको बताईन् ।

उनले देशभित्रको स्रोतसाधन तथा विज्ञान र प्रविधिले सिर्जना गरेका सबै नवीनतम आविष्कारको उच्चतम उपयोग गर्दै समृद्धिको यात्रामा अघि बढ्नुपर्ने बताउदै मित्रराष्ट्र विकसित मुलुकका रुपमा स्थापित भइरहँदा हामी अझै विकासोन्मुख देशको सूचीमा रहन बाध्य रहेको र यो अवस्था अब धेरै समय रहन नहुने बताईन् । उनले जापानी विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेर फर्केका जुआनका सदस्यले नेपालको स्वास्थ्य, शिक्षा, इञ्जिनियरिङ, नीति निर्माणलगायत विभिन्न क्षेत्रका उच्च तहमा योगदान गरिरहनुभएको उल्लेख गरिन् ।

"जापानबाट नेपालले सिक्नुपर्ने कुराका बारेमा जुआनले अझै सक्रियरुपमा बहस चलाओस् भन्ने आग्रह पनि गर्न चाहन्छु, साथै जुआनजस्ता संस्थामा आबद्ध साथीहरुले विकसित देशमा गरेका अध्ययन र अनुभवको अधिकतम परिचालन गरेर मुलुकको समृद्धिका लागि थप योगदान गर्ने सरकारको अपेक्षा छ", मन्त्री शर्माले भनीन् । पछिल्लो समयमा अध्ययनका लागि विदेश जाने नेपालीमध्ये धेरैले अध्ययनभन्दा बढी श्रममा ध्यान दिने गरेको उल्लेख गर्दै उनले श्रमसँगै अध्ययनलाई पनि प्राथमिकता दिनुपर्ने बताईन् ।

"श्रमलाई मात्रै महत्वप दिने प्रवृत्ति बढ्न थालेको गुनासा सुनिन थालेका छन् । यसलाई निरुत्साहित गर्नु आवश्यक छ । अध्ययनका लागि विदेश जानेको उच्च शिक्षाको सुनिश्चिचता गरी पठनपाठन पूरा गरेपछि देशका लागि योगदान गर्न प्रोत्साहन गर्नुपर्ने आवश्यक छ । यसका लागि जुआनले महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा विश्वस्तु छु", उनले भनिन् । जुआनले विगत ५० वर्षदेखि सक्रियरुपमा आफ्नो क्रियाकलाप गर्दै आइरहेकामा उनले खुशी व्यक्त गर्दै थप सफलताको शुभकामना व्यक्त गर्नुभयो । मन्त्री शर्माले नेपाली विद्यार्थीहरु उच्च शिक्षाका लागि जापान जान थालेको झण्डै एक सय २२ वर्ष भइसकेको बताईन् ।

मन्त्री शर्माले भनिन्, "एक सय २२ वर्षअघि तत्कालीन सरकारले आठ विद्यार्थी पढ्न पठाएकामा अहिले बर्सेनि हजारौँ विद्यार्थी जापान अध्ययन गर्न जाने गरेका छन् । गत वर्ष मात्रै १६ हजारभन्दा बढीले जापान अध्ययनका लागि अनुमतिपत्र लिएको देखिन्छ ।" उनले जापानले नेपालको शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, जलस्रोत, भूकम्पपछिको पुनःनिर्माणलगायत चौतर्फी विकासमा सहयोग गर्दै आइरहेको भन्दै निरन्तर सहयोगको अपेक्षा गरिएको बताईन् ।

मन्त्री शर्माले जुआनमा आबद्ध व्यक्तिहरुले जापानबाट आर्जन गरेको शिक्षा र सीप परिचालन गर्दै नेपालका विभिन्न क्षेत्रमा निर्वाह गर्नुभएको भूमिकाको उच्च सम्मान गरिन् ।

# सभामुखद्वारा प्रमुख सचेतकहरुसँग परामर्श

**काठमाण्डु ।** सभामुख देवराज घिमिरेले सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरुसँग सदनको आगामी कार्यतालिकाबारे परामर्श गर्नुभएको छ ।

सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भएको छलफलमा सभामुख घिमिरेले प्रमुख सचेतक र सचेतकहरुबीच भएको छलफलअनुरुप सदनलाई सहज रुपबाट अघि बढाउन तथा सरल ढङ्गबाट कार्यसम्पादनका लागि सहजीकरण र भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संसदीय दलका मुख्य सचेतक हितराज पाण्डेले कार्यतालिअनुरुप सङ्घीय संसद्लाई अघि बढाउने सिलसिलामा आगामी कार्यतालिकाबारे गृहकार्य गरी अघि बढ्ने विषयमा छलफल भएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "आइतबार बस्ने कार्यव्यवस्था परामर्शको बैठकले त्यसलाई निष्कर्षमा पुऱ्याउनेछ । त्यसको प्रस्तावका लागि आजको बैठक भएको हो । समितिको बैठकका लागि समय तोक्ने, समितिबाट पारित भएका विधेयकलाई छिटो अघि बढाऔँ भन्ने छ, यो चैत महिनाभरिका कार्यतालिकाको गृहकार्य हो ।"

नेपाली कांग्रेस संसदीय दलका सचेतक सुशीला थिङले आइतबारदेखि यही चैत २१ गतेसम्म सदन कसरी सञ्चालन गर्ने भन्ने विषयमा छलफल भएकामा राजनीतिक दलसम्बन्धी विधेयक विवादित भएकाले केही पछि पेस गर्ने भन्ने सहमति भएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "अरू विषयमा प्रमुख प्रतिपक्षको ठाउँबाट हेर्दा गृहमन्त्रीका विषयमा उठेको प्रश्नमा छानबिन समिति गठन नभएसम्म सदन कसरी लैजाने भन्नेमा भोलि बस्ने पार्टीको बैठकबाट मात्र तय हुनेछ ।"

सदनको कार्यतालिका कार्यान्वयनमा सरकारको गठबन्धन फेरबदलसँगै प्रभावित भएको बताउँदै उहाँले आगामी दिनमा कार्यतालिका प्रभावित हुन काम नगर्न र सदनमा विचाराधीन विधेयक अघि बढाउन पहल गर्ने भन्ने छलफल भएको जानकारी दिनुभयो ।नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले आइतबारदेखि सदन अघि बढाउने अघिल्लो बैठकको निर्णयअनुरुप कार्यसूची कसरी अघि बढाउने भन्नेमै केन्द्रित रही छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, " आइतबारदेखि लगातार चार दिनसम्म सदन बस्छ । समितिमा पुगेका विधेयकबारे यही चैत २७ गतेसम्म छलफल हुन्छ । चैत २७ देखि फेरि सदनको बैठक बस्छ । कार्यव्यवस्था परामर्शको आइतबारको बैठकमा प्राप्त हुने राय, सुझावका आधारमा सदन अघि बढछ ।"



सङ्घीय निजामती ऐनलगायत विधेयक र समितिबाट आएका केही विधेयकलाई कार्यान्वयन तहसम्म पुऱ्याउने विषयमा छलफल भएको बताउँदै प्रमुख सचेतक बर्तौलाले आइतबारदेखि चार दिन लगातार सदन चल्ने र समितिबाट आएका विधेयकलाई कानुन निर्माणको तहमा पठाउने विषयमा सैद्धान्तिक सहमति भएको जानकारी दिनुभयो । कार्यतालिका जुन ढङ्गले सदन अघि बढ्दा समावेश गरिएका बिजनेसले छलफल पाउने बताउँदै उहाँले कतिपय अवस्थामा सदन अवरुद्ध भएको अवस्थामा प्रवेश पाउन पर्ने विषयले स्थान नपाउने र बहस छलफल गर्न नपाउने हुँदा प्रतिपक्षलाई रचनात्मक र गम्भीर ढङ्गबाट अघि बढ्न सुझाव दिनुभयो ।

प्रतिपक्ष रचनात्मक ढङ्गबाट बढेमा सदन चल्ने र सरकारलाई विजनेस दिन पनि दबाब सिर्जना हुने बताउँदै प्रमुख सचेतक बर्तौलाले कार्यतालिका कार्यान्वयन गर्ने विषयलाई प्रमुख प्रतिपक्षले सहजताका साथ ग्रहण गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रतिपक्षले कार्यतालिका कार्यान्वयनमा सहजता देखाएमा सदनका कामकारबाही चुस्त र शीघ्ररुपमा अघि बढ्ने बताउँदै प्रमुख सचेतक बर्तौलाले सदनको काममा जनप्रतिनिधि सक्रिय भएमा कम्तीमा पनि नागरिकले प्रश्न उठाउने अवस्था रहन्न भन्ने कोणबाट पनि छलफल भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामी हाउसलाई प्रभावकारी बनाउन चाहन्छौँ, संविधान कार्यान्वयनसँग जोडिएका यतिधैरै कानुन निर्माण र अरू ज्वलन्त विषय छन्, यसमा ध्यान दिन्छ भने यी विषयमा प्रमुख प्रतिपक्षले अवरोध गर्नुहुन्न ।"

"प्रमुख प्रतिपक्षले उठाएका विषयलाई हामी नजरअन्दाज गर्दैनौँ तर उठाइएका विषयमा राजनीतिक पूर्वाग्रह छ कि छैन भन्ने सोच्नुपर्छ, समीक्षा गर्न हाम्रो आग्रह छ," प्रमुख सचेतक बर्तौलाले भन्नुभयो । सरकार ढाल्ने र अस्थिरता निम्त्याउने ढङ्गबाट उठाइएको विषयवस्तुलाई स्वीकार गर्न नसकिने बताउँदै उहाँले प्रमुख प्रतिपक्षले उठाइएका विषयलाई अन्यथा रुपमा नलिए पनि शैली र व्यवहारमा परिवर्तन आवश्यक रहेको प्रतिक्रिया दिनुभयो । मुलुकमा सुशासन कायम गर्ने पथबाट सरकार हिँड्ने सामार्थ्य गुमाउन मिल्दैन भन्ने प्रश्न प्रतिपक्षबाट अपेक्षा गरिने बताउँदै उहाँले भन्नुभयो, "प्रमुख प्रतिपक्षबाट रचनात्मक र सिर्जनात्मक व्यवहार हुनुपर्छ तर हाउसलाई अभीष्ट पूरा गर्ने र पूर्वाग्रह साँध्ने उद्देश्यबाट बन्धक बनाउन मिल्दैन । कांग्रेसले त्यसो गर्दैन भन्नेमा विश्वस्त छौँ ।"

प्रमुख सचेतक बर्तौलाले सरकारबाट कांग्रेस बाहिर गएको लामो अवधि नभएकाले त्यो पक्षलाई सम्झेर संसद्मा रहेका महत्वपूर्ण विधेयक अघि बढाउने सन्दर्भमा सहयोगी, रचनात्मक र सिर्जनात्मक भूमिका प्रतिपक्षबाट हुन्छ भन्ने आफ्नो अपेक्षा र विश्वास रहेको प्रतिक्रिया दिनुभयो । एमालेले प्रमुख प्रतिपक्षबाट उठाइएको मुद्दा पूर्वाग्रहबाट प्रेरित रहेको भन्दै आएको छ । कांग्रेसले उठाइएको प्रश्न आजको नभई उसैका बेला भएको उल्लेख गर्दै प्रमुख सचेतक बर्तौलाले कांग्रेस सरकारबाट बाहिर निस्कनु परेको कुण्ठाका रुपमा विषयवस्तु उठाइएको प्रतिक्रिया दिनुभयो । आवश्यकता नभई पूर्वाग्रहबाट उठाइएको भन्ने एमाले पक्षको जिकिर रहेको उहाँको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले प्रमुख प्रतिपक्ष दलले सरकार र मन्त्रीका सम्बन्धमा केही मुद्दा उठाएर सदन अवरोध गरिरहेकाले त्यसको निकास र सदनको आगामी कार्यतालिकाबारे छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सम्भावित कार्यतालिका आधारमा विशेष समय चलाउने, विधेयक प्रस्तुत गर्ने तथा त्यसको आवश्यकता बुझाउने र पारित गर्ने समय सीमाबारे छलफल भयो ।"

सत्ता पक्षका सचेतकले राजनीतिक मुद्दा अन्त्यसँगै सदनलाई सहजरुपमा अघि बढाउने, अवरोध नगर्ने तथा जनसरोकार मुद्दाले प्रवेश वातावरण तय गर्ने कोणबाट छलफल भएको उहाँले बताउनुभयो । राजनीतिमा रणनीतिकरुपमा माग अघि सारिने गरिएको बताउँदै उहाँहरुले उपप्रधानमन्त्री एवं गृहमन्त्रीकाबारे उठाइएका प्रश्नमा समिति बनाउन आवश्यक नरहेको प्रमुख सचेतक परियारले स्पष्ट पार्नुभयो ।

गृहमन्त्रीबारे उठाइएको विषयमा प्रधानमन्त्रीबाट जवाफ भइसकेको तथा सबैतिरबाट प्रतिवेदन आएका बताउँदै प्रमुख सचेतक परियारले आफू माथि उठेका प्रश्नको जवाफ उपप्रधानमन्त्री एवं पार्टी अध्यक्षले दिन पाउनुपर्ने भनाइ राख्नुभयो । लोकतान्त्रिक विधि पद्धतिमा संसदीय प्रणालीअनुरुप प्रतिपक्षले उठाएका कुरालाई अन्यथा रुपबाट हेरिनु हुन्न भन्नेमा आफूहरु स्पष्ट रहेको बताउँदै उहाँले भन्नुभयो, "अब सदन अघि जान्छ, प्रमुख प्रतिपक्षको माग स्पष्ट पार्ने पार्टी र सरकारको जिम्मेवारी हो ।"

प्रमुख सचेतक परियारले भन्नुभयो, "नेपाली कांग्रेस लामो लोकतान्त्रिक अभ्यास गरेको पार्टी भएकाले कसैले लगाएको आरोपकै भरमा समिति गठन गरिनु हुन्न भन्ने बुझेको हुनुपर्छ, समिति गठन गर्नु पर्दैन र हुँदैन पनि ।" बैठकमा कानुन, न्याय तथा संसदीय मामिलासम्बन्धी मन्त्री पदम गिरी तथा उपसभामुख इन्दिरा राना सहभागी हुनुहुन्थ्यो ।रासस

# उत्तर कोरियालाई लक्षित गरी ल्याइएको प्रस्तावमाथि रूसद्वारा भिटो प्रयोग

**एएनआई**

न्युयोर्क । उत्तर कोरियाले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् (यूएनएससी) प्रतिबन्ध उल्लङ्घनको अनुसन्धान जिम्मेवारी प्राप्त विशेषज्ञको स्वतन्त्र समिति नवीकरण गर्ने उद्देश्यले गरिएको प्रस्तावलाई अवरुद्ध गर्दै रूसले बिहीबार संयुक्त राष्ट्र सङ्घमा आफ्नो भिटो शक्तिको प्रयोग गरेको छ।

युक्रेनमा भएको द्वन्द्व र यूएनएससी प्रतिबन्ध उल्लङ्घनको अनुसन्धान विशेषज्ञ समिति निर्माणको प्रस्तावले मस्को र पश्चिमी देशबीच थप तनाव बढेको हो। पछिल्लो समय उत्तर कोरियाले यूएनएससी प्रतिबन्ध उल्लङ्घन गर्दै रूसको मुख्य युद्ध हतियार आपूर्तिकर्ताको रूपमा देखा परेको यूरोपेली मुलुकहरूको बुझाई छ।

प्योङ्याङको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमको बिस्तार गर्दै उत्तर कोरियाली नेता किम जोङ उनले अमेरिकी भूमिमा पुग्न सक्ने लामो दूरीको अन्तरमहाद्वीपीय क्षेप्यास्त्रसहित थुप्रै हतियार परीक्षण गर्न आफ्नो सेनालाई प्रोत्साहित गर्नुभएको छ। रूसले उत्तर कोरियाको अवैध हतियार कार्यक्रममा अन्तर्राष्ट्रिय प्रतिबन्ध र संयुक्त राष्ट्रको अनुसन्धानलाई समर्थन गरेको सिएनएनले जनाएको छ। यद्यपि, युक्रेनमा हावी गम्भीर सङ्कटको बीचमा गतिशीलता परिवर्तन हुँदा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले हतियारका लागि उत्तर कोरियामा निर्भरता बढाएको देखिन्छ।



संयुक्त राष्ट्रसङ्घका लागि रूसी राजदूत भासिली नेबेन्जियाले उत्तर कोरियामाथि संयुक्त राष्ट्रसङ्घले लगाएको प्रतिबन्धले प्रासङ्गिकता गुमाई वास्तविकताबाट अलगिएकाले भिटो प्रयोग गरेको बताउनुभएको छ।

उहाँले सन् २००६ देखि नै प्रतिबन्धको प्रभावकारिताको आलोचना गर्दै लक्ष्य विमुख भएको कोरियाली प्रायद्वीपमा सकारात्मक परिवर्तनमा योगदान नगरेको तर्क गर्नुभएको छ। नेबेन्जियाले रूसको राष्ट्रिय सुरक्षा चासोलाई प्रत्यक्ष असर पार्ने गरी अमेरिकी नेतृत्वमा रहेका देशहरूको गठबन्धनले प्योङ्याङका गतिविधिलाई अवरोध पुऱ्याएको सम्बनधमा रूसी चिन्तासमेत उल्लेख गर्नुभयो।

संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धअन्तर्गत उत्तर कोरियालगायतका देशहरूमा हतियार हस्तान्तरणमा प्रतिबन्ध लगाउँदा पनि उत्तर कोरियाली नेता उन युक्रेनविरुद्धको रूसी कारबाहीलाई सहयोग गर्न हतियारको निरन्तर आपूर्तिकर्ताका रूपमा सक्रिय देखिनुहुन्छ।

दक्षिण कोरियाका रक्षामन्त्रीले उत्तर कोरियाका हतियार कारखानाले रूसलाई लाखौं तोपखानासहित हतियार आपूर्ति गर्न पूर्ण क्षमतामा काम गरिरहेको उल्लेख गर्नुभएको छ। यसैबीच युक्रेनले आफ्नो लक्ष्यमा आक्रमण गर्दा उत्तर कोरियाले बनाएको ब्यालेस्टिक मिसाइलका भग्नावशेष फेला पारेको रिपोर्ट सिएनएनले गरेको छ।पन्त्र सदस्यीय सुरक्षा परिषद्का सदस्यको उपस्थितिमा१३ सदस्यहरूले विशेषज्ञको समितिको काम नवीकरण गर्ने पक्षमा थिए। छलफलमा रूसले विरोध जनाएको र चीन अनुपस्थित रहेको थियो। बहुमत सदस्यहरू पक्षमा रहँदा रहँदै पनि रूसको भिटो शक्तिले प्रस्तावलाई अन्ततः असफल तुल्यायो।

संयुक्त राष्ट्रसङ्घका लागि बेलायती राजदूत बार्बरा वुडवार्डले उत्तर कोरियाली जनतामाथि पर्ने यसको हानिकारक प्रभाव र प्रतिबन्धको प्रभावकारितालाई जोड दिँदै रूसी भिटोप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले अन्तर्राष्ट्रिय मान्यतासहितको शासनको अखण्डता र परिषद्को विश्वसनीयतालाई कमजोर पार्दै हतियार खरिद्का लागि प्रतिबन्धबाट बच्ने स्वतन्त्रता खोजिरहेको आरोप लगाउनु भएको छ।

संयुक्त राष्ट्र सङ्घका लागि अमेरिकी उप राजदूत रोबर्ट वुडले सभ्य राष्ट्रले अनुमोदनलाई कसरी रोक्न सक्छ भनेर प्रश्न गर्दै रूसको 'गैरजिम्मेवारपूर्ण कार्य'को निन्दा गर्नुभएको छ।

विशेषज्ञहरूको प्यानललाई अस्थायी रूपमा अवरोध गरेको भएता पनि दिगो र अब्बल व्यवस्थाका लागि वकालत जारी रहने कुरामा उहाँले जोड दिनुभयो। दक्षिण कोरियाको विदेश मन्त्रालयले पनि रूसको निर्णयलाई गैरजिम्मेवारपूर्ण भन्दै आलोचना गरेको भने मस्कोको कदम विरुद्ध अन्तर ाष्ट्रिय प्रतिक्रियालाई समेत उजागर गरेको छ।

# नेपाल 'ए' टिमको आयरल्याण्डसँग दोस्रो



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल 'ए' टिम आयरल्याण्ड वुल्भ्ससँग पराजित भएको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको खेल मैदानमा शनिबार भएको खेलमा नेपाल ' ए' ४० रनले पराजित भएको हो।

जितका लागि दुई सय २५ रनको लक्ष्य पछ्याएको नेपाल ' ए' १७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै एक सय ८४ रनमा सीमित भयो । नेपालको शनिबारको हारसँगै जारी टी-२० शृंखला आयरल्याण्ड वुल्भ्सले एक खेल अगावै जितेको छ । शृंखलाको पहिलो खेलमा आयरल्याण्ड वुल्भ्स २१ रनले विजयी भएको थियो।

नेपालका लागि देव खनालले २५ बल खेल्दै सात चौकाको सहयोगमा ४७ रन बनाए भने बसिर अहमदले २७, बिनोद भण्डारीले २६, लोकेश बमले २५ रनको योगदान दिए। आयरल्याण्ड वुल्भसका लागि वेन ह्वाइटले तीन विकेट लिए भने फिओन ह्याण्ड र थोमस माएजले दुई/दुई विकेट लिए। त्यसअघि ब्याटिङ गरेको आयरल्याण्ड वुल्भ्सले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा दुई सय २४ रनको विशाल योगफल तयार पारेको थियो।

उसका लागि निल रकले अविजित ७१ रन बनाए। उनले ३४ बल खेल्ने क्रममा सात छक्का र एक चौका प्रहार गरे। साथै पिटर मूरले ६५ रन बनाए। उनले सात छक्का र तीन चौका प्रहार गरे । त्यसबाहेक जेम्स म्याकोलुमले २६, रोद अदिरले १७ , फिओन ह्याण्डले १९ रनको योगदान दिएका थिए। नेपाल ' ए'का लागि सागर ढकालले तीन विकेट लिए भने कमल ऐरी, पवन सर्राफले एक/एक विकेट लिए । शृंखलाको तेस्रो खेल आगामी सोमबार हुनेछ।

# पाँच हजार बालबालिका बेल्गोरोडबाट अन्यत्र स्थानान्तरण



**एएफपी**

मस्को । युक्रेनसँग सीमा जोडिएको रूसको बेल्गोरोड क्षेत्रमा किएभले हप्तौंदेखि गरेको घातक बमबारीपछि पाँच हजार बालबालिकालाई सुरक्षित स्थानमा सारिएको त्यहाँका गभर्नरले शनिबार बताउनुभएको छ।

गत हप्ता क्षेत्रीय अधिकारीहरूले सीमापार गोलाबारी र ड्रोन आक्रमणमा एक दर्जनभन्दा बढी सर्वसाधारणको मृत्यु भएपछि नौ हजार नाबालकलाई अन्य क्षेत्रमा स्थानान्तरण गरिने बताएका थिए।

"हाम्रा पाँच हजार बालबालिका यस क्षेत्रभन्दा बाहिर छन्। हिजो सेन्ट पिटर्सबर्ग, ब्रायन्स्क र मखाचकलामा एक हजार ३०० बालबालिका आइपुगेका छन्," गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले भन्नुभयो ।बेल्गोरोडलगायत सीमा नजिकका नगरपालिकाहरूमा बसोबास गर्ने बालबालिकाहरूले अर्को महिनादेखि दूर शिक्षा कक्षा लिने उहाँले बताउनुभयो।

आक्रमणका कारण बन्द भएका व्यवसायलाई 'कर्मचारीलाई प्राथमिक उपचारको तालिम' र झ्यालहरूमा सुरक्षाका लागि टेप नलगाएसम्म पुनः खोल्न अनुमति नदिइने उहाँले बताउनुभयो। दुई वर्षअघि द्वन्द्व सुरु भएदेखि नै बेल्गोरोडलाई बारम्बार अन्धाधुन्ध युक्रेनी आक्रमण हुँदै आएको रूसी अधिकारीहरूले बताएका छन् । बेल्गोरोड शहरमा रहेको एक अपार्टमेन्टमा शुक्रबार युक्रेनको एउटा ड्रोन दुर्घटना हुँदा एक व्यक्तिको मृत्यु हुनुका साथै एक महिलासहित अन्य दुई जना घाइते भएका थिए।

# श्रीलङ्कालाई आर्थिक सहयोगको निरन्तरता दिन चीन सहमत

**एएफपी**

बेइजिङ। चीनले श्रीलङ्कालाई दिने सहयोग जारी राख्ने बताएको छ। आर्थिक सङ्कटपछि अहिले क्रमिकरूपमा राहत महशुस गरेको श्रीलङ्काका प्रधानमन्त्रीले ऋण पुनर्संरचना सम्झौतालाई अन्तिम रूप दिन बेइजिङको भ्रमण शनिबार पूरा भएको छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता र बोआओ फोरममा सहभागी हुन प्रधानमन्त्री दिनेश गुणवर्धने सोमबार चीन पुग्नुभएको हो । श्रीलङ्काको वर्षौंदेखिको आर्थिक सङ्कट गुणवर्धनेको भ्रमणको क्रममा एजेन्डामा उच्च थियो। श्रीलङ्काको कुल विदेशी ऋणको लगभग १० प्रतिशत हिस्सा चीनले ओगटेको छ।

बेइजिङको विदेश मन्त्रालयले शुक्रबार जारी गरेको संयुक्त द्विपक्षीय वक्तव्यमा भनिएको छ, "चीनले आफ्ना वित्तीय संस्थाहरूलाई श्रीलङ्कासँग सक्रिय रूपमा वार्ता गर्न, अन्य ऋणदाताहरूसँग मैत्रीपूर्ण संवाद कायम गर्न, अन्तर्राष्ट्रिय मुद्रा कोषमा सकारात्मक भूमिका निर्वाह गर्न र श्रीलङ्कालाई आर्थिक राहतमा सहयोग गर्न सहयोग जारी राख्न इच्छुक छ।"



"बन्दरगाह शहर कोलम्बो र हम्बनटोटा विकास परियोजनालाई प्रबर्द्धन गर्न दुवै पक्ष सहमत भएका छन्, जसलाई 'बेल्ट एन्ड रोड' को चीन-श्रीलङ्का संयुक्त निर्माणको दीर्घकालिन परियोजनामा परिणत गर्न सकिन्छ," चिनियाँ राष्ट्रपति सीको विशाल विश्वव्यापी पूर्वाधार पहल 'बेल्ट एन्ड रोड' लाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरिएको छ।

सन् २०१५ सम्मको एक दशक शासन गरेका पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेले सुरु गरेको सेतो हात्ती लक्षित परियोजनामा हम्बनटोटाको दक्षिणी बन्दरगाहलाई पनि मानिएको छ । श्रीलङ्काको इतिहासकै सबैभन्दा खराब आर्थिक सङ्कट निम्त्याउने ऋणको पासोका रूपमा धेरैले आलोचना गरेका परियोजनाहरूका लागि राजापाक्षेले चीनबाट ठूलो मात्रामा ऋण लिनुभएको थियो।

सन् २०१७ मा हम्बनटोटा बन्दरगाह निर्माणका लागि चीनबाट लिएको ठूलो ऋण तिर्न नसकेर श्रीलङ्काले सरकारी स्वामित्वको चाइना मर्चेन्ट्स ग्रुपलाई लिजमा ९९ वर्षका लागि एक अर्ब १२ करोड अमेरिकी डलरमा हस्तान्तरण गरेको थियो ।सन् २०२२ को अप्रिलमा श्रीलङ्काले खाद्यान्न, इन्धन र औषधिजस्ता अत्यावश्यक वस्तुको आयातका लागि समेत विदेशी मुद्रा अभाव भएपछि ४६ अर्ब अमेरिकी डलर बराबरको बाह्य ऋण तिर्न सकेको थिएन।

यसले गत वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को २.९ अर्ब डलरको जमानत सहयोग प्राप्त गरेको थियो, यो कार्यक्रम विदेशी ऋणदाताहरूलाई सन्तुष्ट पार्ने ऋण सम्झौतामा सशर्त थियो ।चीनले डिसेम्बरमा श्रीलङ्काको ऋणको पुनर्संरचना गर्न 'सैद्धान्तिक रूपमा' सहमति जनाएको थियो, तर कोलम्बो र बेइजिङले विस्तृत विवरण दिएको थिएन र दुवैले सम्झौतालाई अन्तिम रूप दिन बाँकी छ ।श्रीलङ्का सरकारले गत जनवरीमा अप्रिलको सुरुसम्ममा विदेशी ऋण पुनर्संरचनालाई अन्तिम रूप दिने बताएको थियो।

# अफगानी विश्वविद्यालयमा डेढ बर्षदेखि किशोरीको प्रवेशमा रोक

**एएनआई**

काबुल । अफगानी ससकारको गैर जिम्मेवारपूर्ण प्रवृतिको परिणामस्वरुप निरन्तर करिब डेढ बर्ष (४५० दिन) भन्दा बढी समय अफगानिस्तानका विश्वविद्यालयहरू बालिकाहरूका लागि बन्द छन् । यसको चौतर्फी आलोचना भइरहेको छ । लामो समयदेखि गैर-मानवीय निर्णय बमोजिम बन्द भएका अफगानी विद्यालय तथा विश्वविद्यालयहरू अझै खोल्ने कुनै सङ्केत नदेखिएको टोलो न्यूजले जनाएको छ।

शिक्षाबाट वञ्चित हुनु परेका निराशा बालिकाहरूले आफ्नो शैक्षिक गतिविधिमा भएको उल्लेखनीय ढिलाइलाई उजागर गर्दै यस वर्ष विश्वविद्यालयहरू पुनः खोल्ने विषयलाई प्राथमिकता दिन तालिबानी कामचलाउ सरकारलाई आग्रह गरेका छन्।



पिडित अफगानी बालिकाको तर्फबाट बोल्दै खदिजाले किशोरीहरूको शिक्षाले सम्पूर्ण परिवारको साक्षरता र विकासलाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ । खादिजाजस्तै धेरै अफगानी महिलाले सुरक्षाका कारण आफ्नो पूरा नाम उल्लेख गर्न चाहन्नन् । खदिजाले भन्नुभयो, "संवेदनशिल विषयलाई बेवास्ता गर्नाले समग्रमा देशको हरेक प्रगतिलाई खतरामा पार्ने सम्भावना बढेको छ।

पिडितको भावनालाई प्रतिनिधित्व गर्दै नारो थर भएकी एक अर्की महिलाले बालिकाहरूका लागि विद्यालय र विश्वविद्यालयहरूको ढोका खोल्न आग्रह गर्नुभएको छ। गुणस्तरीय शिक्षाको निरन्तर प्राप्तिले मात्र उनीहरूको शिक्षा बलियो र प्रगतिशील समाज निर्माणका लागि महत्वपूर्ण भुमिका खेल्न सक्ने उनीहरूको भनाइ छ।

यस सन्दर्भमा विश्वविद्यालयका प्राध्यापकहरूले समेत चिन्ता व्यक्त गर्दै किशोरीहरूका लागि विश्वविद्यालयहरू निरन्तर बन्द हुँदा देशको प्रगतिमा बाधा पुग्ने डर पलाएको उल्लेख गर्नुभएको छ । शिक्षाविद् जकिउल्लाह मोहम्मदीले शिक्षामा समान पहुँच सुनिश्चित गर्नु प्रभावकारी शासन र सामाजिक प्रगतिको आधार भएको बताउनुभएको छ । पूर्व राष्ट्रपति हमिद करजाईले नर्वेका उपराजदूतसँगको छलफलका क्रममा बालिकाका लागि शैक्षिक संस्थाहरू पुनः खोल्ने आवश्यकतालाई जोड दिनुभएको छ।

पुनः खोल्ने सम्बन्धमा तालिबानबाट नयाँ घोषणाहरू नभए पनि उनीहरूको शिक्षाको अधिकारका सम्बन्धमा कामचलाउ सरकारले दिएको अघिल्लो आश्वासनलाई स्मरण गरिएको छ ।सन २०२१ मा तालिबान सत्तामा फर्किएपछि सरकारको निर्देशन अनुसार विद्यालयहरूले छ कक्षा पढिसकेका बालिकाहरूलाई विद्यालय तथा विश्वविद्यालय स्तरको कक्षा प्रवेशमा रोक लगाएका टोलो न्यूजले जनाएको छ।

## भेनेजुएलाका राष्ट्पति निर्वाचनका लागि दबाब दिन आग्रह

**एएफपी**

काराकास । भेनेजुएलाका विपक्षी नेता मारिया कोरिना माचाडोले आफ्नो गठबन्धनको उम्मेदवारलाई आगामी जुलाईमा हुने निर्वाचनमा भाग लिने वातावरण बनाउन अन्तर्राष्ट्रिय समुदायको थप दबाबको लागि याचना गर्नुभएको छ।

डेमोक्र्याटिक युनिटरी प्ल्याटफर्म (पीयूडीकी) नेतृ ८० बर्षीया मारिया कोरिना माचाडोले गत वर्षको अक्टोबरमा विपक्षी प्राइमरी चुनावमा भारी जित हासिल गरेपनि भ्रष्टाचारको आरोप लागेपछि अदालतले उहाँलाई १५ वर्षका लागि सार्वजनिक पद धारण गर्नबाट प्रतिबन्ध लगाएको थियो।

पीयूडी गठबन्धनले माचाडोको विकल्पमा कोरिना योरिसको नाम उम्मेदवारका रूपमा सिफारिस गरेको छ। "म विश्वका लोकतान्त्रिक नेताहरूलाई त्यहाँका राष्ट्रपति र सरकारहरूको प्रयासमा सामेल भई मादुरो सरकारलाई विपक्षीको उम्मेदवार योरिसलाई राष्ट्रपति चुनावमा उम्मेदवारको रूपमा नाम दर्ता गर्न दबाव दिन आग्रह गर्नुभएको छ।"

# नेदरल्यान्ड्समा तीन बन्धक रिहा

**एएफपी**

एडे। केन्द्रीय सहर एडेको एक रात्रिकालीन क्लबमा घन्टौंसम्म बन्धक बनाइएका तीन व्यक्तिलाई रिहा गरिएको प्रहरीले बताएको छ। यद्यपि प्रहरीले 'स्थिति अझै पनि समाप्त नभएको' बताएको छ।

गेल्डरल्यान्ड प्रहरीले सामाजिक सञ्जाल एक्समा बन्धकहरूको रिहाईको घोषणा गर्यो । क्लबमा थप बन्धक छन वा छैनन् भन्नेबारेमा प्रहरीले केही बताएको छैन । हतियारले सुसज्जित प्रहरी र विशेष गिरफ्तारी दल, केही मास्क लगाएका क्लबको बाहिर जम्मा भएका थिए ।घटनास्थलको भिडियोमा तीन व्यक्तिलाई उनीहरूको रिहाईपछि हावामा हात उठाउँदै बाहिर निस्किएको देखाइएको छ । प्रहरीले एक्समा भनेको छ, "अहिलेसम्म आतङ्कवादी मनसायको कुनै सङ्केत प्राप्त भएको छैन।"



यसअघि शनिबार अधिकारीहरूले मध्य एडेमा एक चोकलाई घेराबन्दी गरेका थिए र एक भवनमा धेरै मानिसलाई बन्धक बनाएर राखिएको भन्दै वरपरको करिब एक सय ५० घरलाई खाली गरेका थिए । प्रहरी प्रवक्ता सिमेन क्लोकले मनिसहरूलाई बन्धक बनाइएको बताउनुभयो तर उहाँले घटनाबारे थप विवरण दिन वा कति मानिस संलग्न थिए भन्नेबारेमा जानकारी दिन अस्वीकार गर्नुभयो।

घटनास्थलमा रहेका एपीका फोटोग्राफरका अनुसार बन्धकहरूलाई एडेको लोकप्रिय बार तथा रात्रिकालीन क्लब पेट्टीकोटमा राखिएको थियो । आम्स्टर्डमबाट ८५ किलोमिटर दक्षिणपूर्वमा रहेको ग्रामीण बजार सहर एडेका घटनास्थलका तस्बिरहरूमा प्रहरी र अग्निनियन्त्रकहरूलाई एउटा घेराबन्दी गरिएको क्षेत्रमा सडकमा देखाइएको छ ।यो अवस्था कायम रहेसम्म केन्द्रमा सबै पसलहरू बन्द रहने नगरपालिकाले जनाएको छ। सरहको स्टेसनबाट आवागमन हुने ट्रेनहरूलाई पनि रोकिएको छ।

# गुल्मीमा भेटिए तीन सय पाँच प्रजातिका चरा

गुल्मी । गुल्मी जिल्लाको रेसुङ्गा र मदाने संरक्षित वन क्षेत्र आजभोलि दुर्लभ चराहरुको मुख्य आश्रयस्थल बनेको छ । यस क्षेत्रमा विश्वमा पाइने दुर्लभ चरामध्ये छ प्रजातिका चराहरु पाइन्छन् ।

रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा दुर्लभ चराको बासस्थान रहेको नेपाल पन्छी संरक्षण सङ्घ गुल्मीका परियोजना अधिकृत भरत पन्थीले जानकारी दिनुभयो । उहाँका अनुसार दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा क्षेत्रमा चिरकालिज, रणमच्च महाचिल, डङ्गर गिद्द, सोतो गिद्द, सुन गिद्द र गोमायो महाचिल छन् । रेसुङ्गा र मदाने वन क्षेत्रमा नेपालमा मात्र पाइने काँडे भ्याकुर पाइने परियोजना अधिकृत पन्थीले बताउनुभयो । उहाँका अनुसार नेपालमा पाइने आठ सय ९२ प्रजातिका चरामध्ये गुल्मीमा मात्र विभिन्न प्रजातिका ३५ प्रतिशत चरा रहेका छन् ।

पन्छी संरक्षण सङ्घले गरेको चरा गणनाअनुसार रेसुङ्गा क्षेत्रमा दुई सय ५९ प्रजाति र मदाने क्षेत्रमा दुई सय ७२ प्रजातिका चरा फेला परेका परियोजना अधिकृत पन्थीले जानकारी दिनुभयो । जिल्लाका दुईवटा वन संरक्षण क्षेत्रमा गरिएको पछिल्लो अध्ययनअनुसार दुवै क्षेत्रमा गरी तीन सय पाँच प्रजातिका चरा भेटिएका भन्दै यो सङ्ख्या नेपालमा पाइने प्रजातिमध्येको ३५ प्रतिशत रहेको उहाँले बताउनुभयो ।

विश्वमा नेपालमा मात्र पाइने काँडेभ्याकुर रेसुङ्गा वन क्षेत्रमा मात्र पाइने भएकाले यसको संरक्षण निकै चुनौतीपूर्ण बन्दै गएको सरोकारवाला बताउँछन् । यो प्रजाति अति सङ्कटापूर्ण अवस्थामा रहेकाले यसको बासस्थानलाई जोगाई राख्नुपर्नेमा यहाँका सरोकारवालाले जोड दिएका छन् । पन्छी संरक्षण सङ्घले जिल्लामा जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रममार्फत दुर्लभ चराको खोजी गर्दै आइरहेको छ । यस कार्यक्रमले वन क्षेत्रसँग जोडिएका स्थानीयवासीलाई वनजङ्गलको संरक्षण र संवर्द्धनसँगै आर्थिकोपार्जनसँग जोडिने काम गरिरहेको छ ।

गुल्मीलाई भविष्यमा चरा पर्यटकका रुपमा विकास गर्नका लागि पनि वन, जैविक विविधता संरक्षण, वातावरण र वन क्षेत्रको दिगो विकासमा स्थानीय तहबाट आवश्यक सहयोग पुर्‍याउन रेसुङ्गा नगरपालिका सधैँ तयार रहेको नगर प्रमुख खिलध्वज पन्थीले बताउनुभयो । दुर्लभ प्रजातिका चरा संरक्षणका लागि मुख्य चुनौतीका रुपमा बासस्थान, खानेपानीको अभाव रहेको उहाँको भनाइ छ ।अतिरिक्त वन-डढेलो, विद्युतीय प्रसारण लाइन र वन्यजन्तु एवं चराचुरुङ्गीको अवैध सिकारलगायत कारणले दुर्लभ प्रजातिका चरा संरक्षण चुनौतीपूर्ण बन्दै गएको पन्छी संरक्षण सङ्घले जनाएको छ । सङ्घले विगत छ वर्षदेखि डिभिजन वन कार्यालय गुल्मीसँग सहकार्य गरी चरा संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ ।रासस

# आत्मनिर्भर बन्दै खजुराका किसान



खजुरा । बाँकेका स्थानीय तहले ‘प्रधानमन्त्री कृषि आधुनिकीकरण’ कार्यक्रम अन्तर्गत तरकारी पकेट क्षेत्र सञ्चालन गरेको छ । उक्त कार्यक्रमबाट तरकारी खेती गरी किसान आत्मनिर्भर बन्न थालेका छन् । किसानहरु कृषि समूह बनाएर तरकारी पकेट क्षेत्रमा आबद्ध भएका छन् ।

उनीहरुले उत्पादन गरेका तरकारी तथा फलफूलले उचित मूल्यसहितको बजार भने नपाएको र ढुवानीको समस्या भएको गुनासो गरेका छन् । बाँकेको खजुरा गाउँपालिका-३ बि गाउँका कृषक राजकुमार गुरुङले तरकारी विक्री गर्न भाडाको सवारी साधन खोजेर नेपालगन्ज लैजानुपर्ने बाध्यता रहेको बताउनुभयो । “तरकारी उत्पादन राम्रै गरेका छौँ, आम्दानी ठिकै छ तर उत्पादन भएको तरकारी बजारसम्म लैजान ढुवानीको समस्या छ”, उहाँले भन्नुभयो, “बल्लतल्ल ढुवानीको साधन जोहो गरेर तरकारी बजारमा पुर्‍यायो व्यापारीलाई कमिसन दिनुपर्छ ।”

नेपालगञ्जका ठूला तरकारी व्यापारीले भारतबाट तरकारी ल्याउँदा कृषक मर्कामा परेको उहाँले बताउनुभयो । “हामीले उत्पादन गरेका तरकारी अर्ग्यानिक हुन्छन्, सस्तो पनि हुन्छ”, कृषक गुरुङले भन्नुभयो, “व्यापारीले भारतबाट ठूलो मात्रामा तरकारी ल्याउँदा हामीले उत्पादन गरेका तरकारीले भाउ पाउँदैन, थोक व्यापारीले लिन मान्दैनन् अनि बाध्यताले कमिसन दिनुपर्छ ।”

तरकारी बिक्री गरीदिन थोक व्यापारीलाई सयकडा आठ प्रतिशत सम्म कमिसन दिनुपर्ने बाध्यता रहेको कृषकको गुनासो छ । अर्का किसान पदमबहादुर रानाले पनि गुरुङकै जस्तो समस्या भोगेको बताउनुभयो । विगत २७ वर्षदेखि कृषि पेसा गर्नुभएका रानाले कृषि फर्ममार्फत तरकारी, फलफूल तथा बेर्ना उत्पादन गर्दै आउनुभएको छ ।

“तरकारी र फलफूलजन्य वस्तुको उत्पादन गर्छु, घरपरिवार सबै यही पेसामा छौँ, आम्दानी राम्रै छ,” किसान रानाले भन्नुभयो, “तर उत्पादित तरकारी बजारसम्म पुर्‍याउन समस्या छ, सवारी साधन छैन, भाडाको सवारी खोजेर कोहलपुर र नेपालगञ्जसम्म तरकारी पुर्‍याउनुपर्छ ।” कृषि समूहलाइ अन्य सङ्घसंस्थाले पनि प्राविधिक सहयोग गर्दै आएको छ । बाँके युनेस्को क्लबले पानी तान्ने ठूलो समरसेल मोटर र पाइप सहयोग गरेको रानाले छ । खजुरा-३ बी गाउँको हरियाली कृषक समूहमा २२ जना किसान आबद्ध छन् । उनीहरुलाइ पालिकाले रु छ लाख अनुदान दिएको छ । समूहमा आबद्ध हरेक किसानले तीनदेखि पाँच बिघा क्षेत्रफलमा तरकारी खेती गर्दै आएका छन् ।

पालिकाका विभिन्न वडामा तरकारी पकेट क्षेत्र सञ्चालन गरी अनुदान दिइएको र अझै तीन वर्षसम्म सहयोग गर्ने पालिका अध्यक्ष डम्बरबहादुर विक ‘तूफान’ले बताउनुभयो । उहाँले भारतीय तरकारी आयात रोक्न सके खजुरा क्षेत्रले नेपालगञ्जलाइ आवश्यक तरकारीको माग पूरा गर्न सक्ने बताउनुभयो ।कृषि क्षेत्रको विकासका लागि पालिकाले विशेष रणनीतिअनुसार काम गर्दै आएको छ । अध्यक्ष विकले किसानलाई कृषि क्षेत्रमा आकर्षण गर्ने कार्यक्रम र योजनालाई प्राथमिकता दिएको बताउनुभयो । खजुरा क्षेत्र तरकारी र कृषि उत्पादन पकेटका रुपमा विकास हुँदै गएको छ ।रासस

# किसानलाई प्राविधिक ज्ञान सिकाइँदै

तुलसीपुर । दाङको तुलसीपुर उपमहानगरपालिका-१२ का किसानलाई प्राविधिक ज्ञान दिन थालिएको छ । प्राविधिक ज्ञानबिना किसानले उत्पादन वृद्धि गर्न तथा विभिन्न समस्या आउँदा समाधान गर्न नसक्ने भन्दै वडाले उक्त ज्ञान प्रदान गर्न थालेको हो ।

शुक्रबारदेखि किसानलाई प्राविधिक तालिम दिन प्रमुख टीकाराम खड्काले बताउनुभयो । वडाले किसानको सहजताका लागि तालिमको व्यवस्था गरेकाले त्यसबाट किसानले लाभ लिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

किसानले उत्पादन गरेको वस्तुको प्रवर्द्धनका लागि तुलसीपुर-१२ मा हाटबजार सञ्चालनको तयारी रहेको प्रमुख खड्काको भनाइ छ । अहिलेको



थालिएको वडाध्यक्ष खुसीराम चौधरीले बताउनुभयो । “समृद्धिको आधार नै कृषि हो, हामीले कृषकलाई प्रोत्साहन गर्नुपर्छ”, उहाँले भन्नुभयो, “त्यसले हामीले किसानलाई प्राविधिक तालिम दिएर दक्ष बनाउन खोजिरहेका छौँ ।”


किसानको पहिचान गर्नका लागि पनि यो कार्यक्रमको आयोजना गरिएको वडाध्यक्ष चौधरीले बताउनुभयो । वडामा किसानको संख्या यकिन भएपछि आगामी दिनमा कृषिसम्बन्धी योजना बनाउन सहज हुने उहाँको भनाइ छ । कृषि तथा पशुपालन पेसालाई आधुनिक तथा उत्पादनमुखी बनाउन आवश्यक रहेको भन्दै यस्तो कार्यक्रमलाई निरन्तरता दिनुपर्ने तुलसीपुर उपमहानगरपालिकाका आवश्यकता भनेको अर्ग्यानिक उत्पादन रहेको बताउनुभयो । “हामीसँग प्रशस्त जमिन छ”, उहाँले भन्नुभयो, “हामीले बाहिरबाट तरकारी आयात गर्नुपर्ने अवस्था छ, यसलाई अन्त्य गर्नुपर्छ ।”

मौरीपालन, बाख्रापालन, बङ्गुरपालन, कुखुरापालन, तरकारीखेती गर्ने किसान, तरकारीको बेर्ना उत्पादन गर्ने किसानलाई उक्त तालिम प्रदान गर्न लागिएको हो । तालिमको प्रशिक्षकमा कृषि सेवा शाखा प्रमुख धनराज गौतम, कृषि अधिकृत शङ्कर न्यौपाने, पशु सेवा शाखाका अधिकृत नवराज रेग्मी रहनुभएको छ । तीन दिनसम्म सञ्चालन हुने तालिममा ५३ किसान सहभागी छन् ।रासस

# विवरण उपलब्ध गराउन क्रसर उद्योगको अटेरी

राँझा । बाँकेको राप्ती सोनारी गाउँपालिकामा सञ्चालित क्रसर उद्योगले विवरण उपलब्ध गराउन अटेरी गरेका छन् । गाउँपालिकाअन्तर्गतको राप्ती नदी र विभिन्न खोलाबाट हुनसक्ने नदीजन्य पदार्थको अवैध उत्खनन कार्य रोक्ने उद्देश्यले क्रसर उद्योगले विवरण उपलब्ध गराउन भने पनि अटेरी गरिरहेका जनाइएको छ ।

नदी र विभिन्न खोलाबाट हुनसक्ने नदीजन्य पदार्थको अवैध उत्खनन रोक्नका लागि विवरण सङ्कलन गर्ने उद्देश्यले पटक पटक ताकेता गर्दा पनि क्रसर उद्योगले विवरण उपलब्ध नगराएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले बताउनुभयो ।“क्रसर उद्योगको क्षमतासहितको विवरण र नदीजन्य पदार्थको स्टक प्रमाणित गराउन पटक पटक पत्र काटिसकेका छौँ, अहिलेसम्म एउटा उद्योगले मात्र विवरण उपलब्ध गराएको छ”, उहाँले भन्नुभयो, “अब क्रसर उद्योगको अनुगमन गरेर अवैध रुपमा नदीजन्य पदार्थ स्टक गरेको पाइएमा कारबाही गर्नेछौँ ।”



राप्ती सोनारी गाउँपालिकामा छवटा क्रसर उद्योग सञ्चालनमा रहेका छन् । तीमध्ये महालक्ष्मी क्रसर उद्योगले मात्रै क्षमतासहितको विवरण उपलब्ध गराएको प्रमुख प्रशासकीय अधिकृत देवकोटाले जानकारी दिनुभयो । सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरेर सञ्चालनका लागि अनुमति मागेका क्रसर उद्योगलाई गाउँपालिकाले निश्चित राजस्व लिएर सञ्चालन अनुमति दिने गरेको उहाँको भनाइ छ ।

अधिकांश क्रसर उद्योगले कानुनी प्रक्रिया पूरा नगरेकाले विवरण उपलब्ध गराउन अटेरी गरेको हुनसक्ने आशङ्का बढ्दै गएको देवकोटाले बताउनुभयो । उहाँको अनुसार पछिल्लो पटक यही चैत ७ गते गाउँपालिकाअन्तर्गत विभिन्न स्थानमा रहेका क्रसर उद्योगलाई सात दिनभित्र आ-आफ्नो उद्योगको विवरण उपलब्ध गराउन आग्रह गरिएका थियो ।

गाउँपालिका अध्यक्ष तप्त पौडेलले नदीजन्य पदार्थको चोरी-निकासी रोक्न जनप्रतिनिधिसहितको टोलीले केही दिनअगाडि घाटगद्दीको निरीक्षण तथा अनुगमन गरेको बताउनुभयो । “नदीजन्य पदार्थ उत्खननको ठेक्का पाएको कम्पनीले गरेको उत्खनन र घाटगद्दीको अनुगमन गरिएको छ”, उहाँले भन्नुभयो, “गाउँपालिका क्षेत्रभित्र रहेका सबै क्रसर उद्योगको अनुगमन गर्ने तयारीमा छौँ । अनुगमनका क्रममा कुनै कैफियत पाइएमा कानुनबमोजिम कारबाही गरिनेछ ।”

क्रसर उद्योगले अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन गर्दै आएको जनगुनासो आएको उहाँको भनाइ छ । नदीजन्य पदार्थ उत्खननको ठेक्का पाएका कम्पनीलेसमेत जथाभावी रुपमा उत्खनन र पायक पर्ने स्थानमा भण्डारण गर्ने गरेको पाइएकाले सचेत गराइएको अध्यक्ष पौडेलले बताउनुभयो । विगतका वर्षमा नदीजन्य पदार्थको ठेक्का नलाग्दा अवैध उत्खनन तथा चोरी-निकासी भई राजस्व सङ्कलनमा कमी भए पनि राप्ती सोनारी गाउँपालिकाले गत आर्थिक वर्षदेखि ठेक्का प्रक्रियाबाट राजस्व सङ्कलन गर्दै आएको छ । चालु आवमा गाउँपालिकाअन्तर्गत पर्ने विभिन्न पाँचवटा घाटमा नदीजन्य पदार्थको एकमुष्ट ठेक्का लागाइएको छ ।

नवलपरासीको सरवल गाउँपालिका-१ स्थित चुर कन्स्ट्रक्सन एन्ड ढकाल सप्लायर्सले पाँचवटै घाटको नदीजन्य पदार्थको एकमुष्ट ठेक्का सम्झौता गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार राप्ती सोनारी-२, ४, ५, ६ र ९ मा पर्ने बग्दैलाघाट, सिधनियाघाट, आलिनगरी, खल्लाटपरी घाट र जलालाघाटको ठेक्का सम्झौता भएको हो । चालु आवमा नदीजन्य पदार्थ उत्खननका लागि समयमै बोलपत्र आह्वान गरी रू आठ करोड ६७ लाख ९६ हजार नौ सयमा ठेक्का सम्झौता भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवकोटाले जानकारी दिनुभयो ।रासस

# बेगखोलाको पुल लक्ष्यअघि नै निर्माण

म्याग्दी । राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलामा लक्ष्यअघि नै मोटर चल्ने पक्की पुल निर्माण भएको छ ।

ढिलासुस्तीका कारण विकास आयोजना अलपत्र र अधुरा बनिरहेका अवस्थामा सडक विभागको पुल महाशाखामार्फत सञ्चालित बेगखोला मोटर गुड्ने पुल लक्ष्यअघि नै सम्पन्न भएको हो । सत्तरी मिटर लामो पुल निर्माणका लागि २०७८ असार २९ गते बिओकेआइ/हिमालयन जेभी र सडक विभागको पुल महाशाखाको पश्चिम सेक्टर कार्यालयबीच रु आठ करोड ३० लाख ६८ लाखमा ठेक्का सम्झौता भएको थियो ।

हिमालयन इञ्जिनियरिङका इञ्जिनियर आभास सापकोटाले २०८१ असार मसान्तसम्मको ठेक्काको म्याद भए पनि हस्तान्तरण गर्ने तयारीमा रहेको जानकारी दिनुभयो। गत असोजदेखि नै उक्त पुलमा सवारीसाधन वारपार गर्न थालेका भन्दै उहाँले तीन सय ५० मिटर लामो पहुँचमार्ग निर्माण सकिएको बताउनुभयो। कालोपत्र गरेर आगामी वैशाख १५ गतेभित्र हस्तान्तरण गर्ने तयारीमा रहेको इञ्जिनियर सापकोटाले बताउनुभयो।



पुल महाशाखाको पश्चिम सेक्टरका इञ्जिनियर आशिक रिजालका अनुसार ११ मिटर चौडाइ भएको उक्त पुल डिजाइन एण्ड विल्ड (निर्माण व्यवसायीले आफैं डिजाइन र निर्माण गर्ने) मोडलमा ठेक्का सम्झौता भएको थियो। डिजाइन तयार पार्न एक वर्ष लागे पनि आर्थिकरुपमा असहज अवस्थाका बाबजुद पर्याप्त निर्माण सामग्री व्यवस्थापन, मजदुर र उपकरण परिचालन गरेर लक्ष्यअघि नै पुल निर्माण गर्न सफल भएको इञ्जिनियर सापकोटाले बताउनुभयो।

विसं २०७३ भदौ १७ गतेको बाढीले बेगखोलामा एक जनाको ज्यान जानुका साथै ११ घर, बेलिब्रिज र झोलुङ्गे पुल बगाएपछि बर्खायाममा बाढी आउँदा यातायात आवतजावत बन्द हुने र जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो। रघुगङ्गा गाउँपालिका-१ का वडा सदस्य बलमान गौचनले पुल बनेसँगै बेगखोलामा बाढी आएको अवस्थामा यातायात आवतजावत बन्द हुने र जोखिम मोलेर वारपार गर्नुपर्ने समस्या हटेको बताउनुभयो।

पुल महाशाखाले बेनी-जोमसोम-कोरला सडकअन्तर्गत महभिर र पोखरबगरस्थित कालीगण्डकीमा यसअघि दुई मोटर गुड्ने पुल निर्माण गरेको छ। रु १९ करोडको लागतमा महभिरमा ८० मिटर र पोखरेबगरमा ७० मिटर लामो पुल निर्माण गरिएका हुन्। गण्डकी प्रदेशको भाग्यरेखा मानिएको राष्ट्रिय गौरवको उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत बेनीदेखि कोरला नाका जोड्ने सडकमा १३ पक्की पुल र तीन बेलीब्रिज निर्माण गरिएका छन्। रासस

# कृषिमा प्रयोग हुँदै आएका परम्परात औजार हराउन थाले

कञ्चनपुर । परम्परागत रुपमा कृषि कार्यमा प्रयोग हुँदै आएका औजारहरु हराउँदै जान थालेका छन् । कृषिको उत्पादकत्व बढाउनका लागि आधुनिक यन्त्र र मेसिनको प्रयोग बढ्न थालेपछि परम्परागत कृषिमा प्रयोग हुने सामान हराउँदै जान थालेका हुन् ।

खेत जोत्नका लागि पावर टिलर, ट्र्याक्टर, चुटनका लागि थ्रेसरको प्रयोग हुन थालेपछि किसानले गोरु, राँगालगायत पशुचौपाया पाल्नै छाडेका छन् । “परापूर्वकालदेखि गोरु र राँगाबाट नै खेत जोत्ने कार्य हुँदै आएको थियो,” शुक्लाफाँटा नगरपालिका-३ पीपलाडीका ६७ वर्षीय गिरिराज डगौराले भन्नुभयो, “गोरु पाल्ने कार्य नै छाडेपछि पुराना कृषि कार्यमा प्रयुक्त हुने सामान हराउने नै भए ।” गोरु, राँगा पाल्नेसहित जोत्नका लागि हलो, जुवा, केलवाई, हेङ्गा महत्वपूर्ण सामान हराउँदै जान थालेको उहाँले बताउनुभयो ।



हलो जुवामा अड्काउनका लागि प्रयोग हुने हलौडो (नाधा) छालाबाट बनेको हुन्थ्यो भन्दै उक्त हलौडो पाउन छाडेपछि डोरीको प्रयोग हुन थालेको भगतराम लुहारले बताउनुभयो । “बारीमै लगाएको जुटबाट गोरु बाँध्न डोरी बनाइन्थ्यो,” उहाँले भन्नुभयो, “अहिले जुट लगाउन छाडेपछि बजारबाट प्लास्टिकका डोरीलाई प्रयोगमा ल्याउन थालिएको छ ।”

“धान, गहुँ, मसुरोलगायत बाली खेतबाट आँगनमा ल्याएर गोरुबाट दाइँ लगाउने कार्य हुन्थ्यो, त्यो पनि हट्दै जान थालेको छ”, बेलडाँडीका पर्शुराम डगौराले भन्नुभयो, “तोरी पेल्नका लागि अहिलेको जस्तो मिलहरु थिएनन्, काठको कोल्हु बनाएर घुमाउँदै तोरी पेल्ने कार्य हुन्थ्यो, काठको कोल्हुमा तोरी पेल्ने चलनबाट दशकअघि देखि नै हराएको छ ।”

पर्शुरामका अनुसार पहिला महिलाले बिहान उठेर ओखल र ढिकीमा धान कुट्ने गर्दथे भने पुरुषले त्यही बेला खेतमा गोरु लगेर जोत्ने कार्यमा लागिसकेका हुन्थे । श्रम गर्ने बानीकै कारण पहिलाका मानिस शारीरिक रुपमा तन्दुरुस्त हुने गरेका उहाँको भनाइ छ । खेतबारीमा काम गर्दा शारीरिक व्यायम हुने, अर्गानिक स्वाच्छ खाना खाने बानीका कारण पहिला अहिलेको जस्तो रोगव्याधिको समस्या नभएको पर्शुरामले बताउनुभयो । “खेतमा उत्पादित अन्नबाली काटेपछि गोरुको सहायताले गाडामा बोक्ने कार्य हुन्थ्यो । त्यस कार्यले अहिले जस्तो प्रदूषणको समस्या पनि थिएन”, उहाँले भन्नुभयो ।

कृषिमा प्रयोग हुने पुराना सामानले कार्य गर्दा ढिलो हुने भए पनि अहिलेको जस्तो अरूको मुख ताक्नुपर्ने अवस्था नभएको पर्शुरामको भनाइ छ । उहाँका अनुसार आफैँले काम गर्ने प्रवृत्तिका कारण प्रायः सबै किसान आत्मनिर्भर थिए । रासस


मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
प्रादेशिक अस्पताल
जनकपुरधाम, धनुषा

बोलपत्रको आर्थिक प्रस्ताव खुल्ने सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः २०८०।१२।१८

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत संचालित प्रादेशिक अस्पताल जनकपुरधाम, धनुषाको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार मिति २०८०।११।०३ गते प्रकाशित IFB No. MP/MIHS/NCB/GOODS-3/2080-81; The Procurement of Aama Surakshya Programme Medicine and Surgical Goods बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा छनौट हुनु भएको श्री MediSales Pharma, Bharatpur-12, Chitwan, श्री Nikki Pharma Distribution, Dharan 1, Sunsari, श्री MediPlus Pharma Distributors, Bharatpur-10, Chitwan, श्री Lav Medical Hall, Jaleshwar-4, Mahottari र श्री Lifeguard Healthcare Pvt. Ltd., Chandragiri-15, Kathmandu बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ को प्रयोजनार्थ उक्त बोलपत्रको आर्थिक प्रस्ताव प्रादेशिक अस्पताल, जनकपुरधाम, धनुषामा मिति २०८०।१२।२५ गते दिउसो ०१:०० बजे खुल्ने भएकोले उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ ।

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, अस्पताल निर्देशक)

# एक महिने रमजानले फेरिएको मुस्लिम महिलाको दैनिकी



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर उपमहानगरपालिका-१६ बस्ने रुकशना आजमीको दैनिकी हिजोआज फेरिएको छ । प्रायः बिहान ६ बजे उठ्ने उनी रमाजान महिना सुरु भएदेखि २ बजे नै उठ्ने गरेकी छन् । २७ वर्षीया अजामी एक दिन पनि नबिराई रोजा गर्छिन् । २ बजे बिहानै उठ्ने आजमीले घरपरिवारका लागि सेहरी (व्रतमा बस्नुपूर्व बिहान खाने खना) तयार गर्छिन् । सेहरी नभएपछि रोजा बस्ने कुरै भएन ।' विरामी अवस्थामा रोजा गर्नु अनिवार्य छैन । बिहान २ बजे नै उठ्ने रेहना आफ्ना घरमा बस्ने भाडादारसहित छरछिमेकीलाई सेहरी खाना जगाउने गर्छिन् । छिमेकमै सबैभन्दा पहिले रेहना उठ्ने गरेकी छन् । त्यसैले सबैले उनलाई ' नमाजीवुआ'भनेर बोलाउँछन् ।

बुहारी समिमाले खाना पकाइरहेका बेला रेहना तस्वीह (धार्मिक माला) जप्दै मन्त्रहरु नभएसम्म केही खानेकुरा खानु हुँदैन ।'

सूर्यास्त भएपछि रोजा अन्त्य गरिन्छ । इस्लामिक धर्मगुरुका अनुसार सामूहिक रूपमा रोजा खोल्दा धार्मिक हिसावले राम्रो मानिन्छ । रमजान महिनामा इस्लामिक क्यालेन्डरको नवौ ७शधलव; महिना हो । मुस्लिम समुदायमा 'रमजान' का लागि विशेष महत्व राख्छ । अन्य महिनाभन्दा रमजानमा उपवास तथा दान गर्दा ७० गुणा बढी

**सूर्यास्त भएपछि रोजा अन्त्य गरिन्छ । इस्लामिक धर्मगुरुका अनुसार सामूहिक रूपमा रोजा खोल्दा धार्मिक हिसावले राम्रो मानिन्छ । रमजान महिनामा इस्लामिक क्यालेन्डरको नवौ ७शधलव; महिना हो । मुस्लिम समुदायमा "रमजान" का लागि विशेष महत्व राख्छ ।**

खाई बिहानीको झिलिमिलीसँगै रोजा सुरु गर्छिन् ।

जनकपुरधाम-५ बस्ने ४७ वर्षीया रेहना खातुनको रमजानमा आफ्नै कथा छ । इस्लामिक महिना रमजानमा हरेक बालिग महिला तथा पुरुषमाथि रोजा ९व्रत० अनिवार्य गरिएको छ । रोजा बस्न औधि मनपराउने रहेनाका श्रीमान् जाकिर खानले भने बिरामी भएकाले यस वर्ष एउटा पनि रोजा गर्न सकेनन् ।

'उहाँलाई सधै औषधि खानुपर्छ, डाक्टरले एकदिन पनि औषधि नछाड्न भनेका छन्,' रेहनाले भनिन्, 'जिउ नै सन्चो पढ्छिन् । बिहानै सेहरी खाएर रोजा सुरु गर्ने गरेको उनले सुनाइन् । रोजा सुरु हुनुअघि खाइने खानेकुरालाई सेहरी भन्निछ । सेहरी खाइसकेपछि नजिकका मस्जिदबाट अजान सुनेपछि वजु (शरीरको सफासुग्घर) गरी फ्रजको नमाज (बिहानको प्रार्थना) पढ्दासम्म उज्जयालो भइसकेको हुन्छ । बिहान हुँदा उनी कुरआन (इस्लामको धार्मिक ग्रन्थ) पाठ गर्छिन् ।


दैनिक पाँचपटक नमाज पढ्ने रेहनाले भनिन्, 'दिनभरि पानी पनि नखाई घरमै पाठ गरेको देखेर गैरमुस्लिम छिमेकीहरू आश्चर्य मान्छन् । रोजाका वेला सूर्यास्त सवाव (पुण्य) प्राप्ति हुने जनविश्वास छ ।

रमजानकै २७ तारिखका दिन इस्लाम धर्मावलम्वीहरूको सबैभन्दा ठूलो धर्मग्रन्थ पवित्र कुरआन सरिफ नाजिल (अवितरित) भएकाले मौलना इजराइल रिजवीले बताए । उनले भने, 'संसारको आवश्यताअनुसार अल्लाहले एक(एक पराको रूपमा ज्ञान पठाइरहँदा २३ वर्षपछि मात्र पवित्र कुरआनले पूर्णता पाएको थियो । यो महिनाभरि नै जनत (स्वर्ग) का सातवटै ढोका खुल्ला रहन्छ भने जहनम (नक्र) का सबै ढोका बन्द रहन्छा'

# नदी दुर्गन्धित, बस्तीमा बस्न नसक्ने अवस्था

**टुडे समाचारदाता**

वीरगञ्ज । कुनैबेला वीरगञ्ज महानगरवासीका लागि वरदान मानिएको सिर्सिया नदी यतिबेला अभिशाप बन्न पुगेको छ । बस्ती नजिक भएर बग्ने सिर्सिया नदी केही वर्षअघि सम्म स्थानीयको पानीको प्रमुख स्रोत थियो तर पर्सा-बारा औद्योगिक करिडोरमा सञ्चालित उद्योगहरुले नदीमा प्रदूषित पानी र फोहोर सिर्सिया मिसाएपछि नदी दुर्गन्धित भई बस्तीमा बस्नै नसकिने अवस्था सिर्जना भएको स्थानीयको भनाइ छ ।



नदीमा हिजोआज पानीभन्दा बढी फोहोर बग्ने गर्छ । "केही वर्षअघि सम्म हामी सिर्सिया नदीमा नुहाउँथ्यौं, भाँडाकुँडा धुन्थ्यौं", वीरगञ्जस्थित छपकैयाका स्थानीय कृष्णकुमार कानुले भने, "अहिले त्यही सिर्सिया नदी दुर्गन्धित भएकोले वरिपरि बस्न र हिँड्डुल गर्न गाह्रो छ ।" नदी वरिपरि हिँड्दा नाक थुनेर हिँड्नुपर्ने अवस्था रहेको उनको गुनासो छ ।

प्रदूषणका कारण सिर्सिया नदी लेदो भएर बग्ने गरेको छ तर सिर्सिया नदीमा फोहोर मिसाउने उद्योगलाई हालसम्म सामान्य जरिवानाबाहेकको कानुनी कारबाही गरिएको छैन । नदी प्रदूषणले वीरगञ्जसहित दुई दर्जन गाउँका सर्वसाधारण विस्थापित हुने अवस्थामा पुगेका छन् । "सिर्सिया नदीको पानी दुर्गन्धित भएर बस्तीमा बस्नै नसक्ने अवस्था भइसकेको छ", वीरगञ्ज महानगरपालिका-९ का सुभाष महतोले भने, "हामी सानो छँदा यही नदीमा नुहाउने र पौडी खेल्ने गर्थ्यौं तर अहिले हेर्दाहेर्दै नदीको पानी दुर्गन्धित भएर कामै नलाग्ने अवस्थामा पुगेको छ ।"

सिर्सिया नदीको धार्मिक र सांस्कृतिक महत्व समेत छ । "कुनै बेला छठ पर्व मनाउन सिर्सिया नदी प्रसिद्ध मानिन्थ्यो । नदी प्रदूषित भएपछि स्थानीयले नदीमा छठ पर्व मनाउनै छोडिसकेका छन्", महतोले भने, "सिर्सिया नदीको प्रदूषण रोक्न स्थानीय तहका जनप्रतिनिधिलाई पटकपटक आग्रह गरे पनि खासै चासो देखाएनन् ।" फोहोर पानीकै कारण स्थानीयले तरकारी खेती गर्न छाडे भने नदीमा जलचर र वनस्पति मासिएको उनको भनाइ छ ।

बाराको सिमरा पश्चिममा पर्ने रामवनस्थित वन मुहान भएको सिर्सिया नदी पर्साको वीरगञ्ज हुँदै भारतको रक्सौलसम्म पुगेको छ । औद्योगिक कोरिडोरमा रहेका छाला, डिस्टिलरी, टेक्सटायल, घ्यू, साबुनलगायत उद्योगबाट निस्कने रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदोजस्ता विकार नदीमा मिसाइँदा दुर्गन्धित बनेको छ ।

नदीको प्रदूषणले बाराको सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदीना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँवा, बेहरा, बलुवा, पर्साको सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगञ्ज महानगरपालिकाको रामवन, रामगढवा, विन्दवासिनी, रानीघाट, अशोकवाटिका, छपकैयासहित करिब एक दर्जन बढी गाउँ र टोलका बासिन्दा प्रभावित भएका छन् ।

सिर्सिया नदी आसपासका स्थानीयले प्रदुषण रोक्न माग गर्दै घेराउ गरेपछि २०६७ सालमा जिल्ला प्रशासन कार्यालयले सिर्सिया नदी अनुगमन समिति गठन गरेको थियो । उक्त समितिले नदीको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनमा प्रदूषणको कारक उद्योगहरु रहेको उल्लेख छ । प्रतिवेदनमा नदी प्रदूषण गर्नेलाई अविलम्ब कारबाही गर्नुपर्ने भनी उद्योगहरुको नाम किटान गरिएको थियो ।

नदीमा फोहोर मिसाउने उद्योगलाई कारबाही गर्न १२ वर्षसम्म सिफारिस भए पनि कुनै कारबाही हुन सकेन । ती उद्योगहरुले निरन्तर नदी प्रदूषण गराइरहेका छन् । नदी प्रदूषण गर्ने उद्योग सञ्चालकलाई जिल्ला प्रशासन कार्यालयले छलफलका लागि बोलाउने र प्रदूषण नगर्न निर्देशन दिने गरेको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताए ।

उद्योगले प्रदूषित बनाएको सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन दबाबस्वरुप 'चुरे तथा वनजङ्गल संरक्षण अभियान'ले वीरगञ्जदेखि काठमाण्डुसम्मको पदयात्रा गरेको छ । सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन सरकारलाई दबाब दिने उद्देश्यले केही महिनाअघि अभियानका संयोजक सुनिल यादवको नेतृत्वमा पैदलयात्रा गरेका छन् ।

प्रदूषित सिर्सिया नदीको पानी बोकेर पैदलयात्रामा निस्केको टोलीले वीरगञ्जबाट पैदलयात्रा गरी ११औं दिनमा राजधानी काठमाण्डु पुगी सिंहदरबार अगाडि पानी पोखेर विरोध जनाएका थिए । सरकारले सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन ध्यान नदिएको भनी उनीहरु माइतीघरमा धर्नामा समेत बसेका थिए । सिर्सिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै पटक पटक वीरगञ्जमा आन्दोलन गर्दै आएका छन् ।

सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि वीरगञ्ज महानगरपालिकाले अभियान चलाउँदै आएको छ । नदी प्रदूषण गर्ने जो कसैलाई कारबाही गर्ने रणनीतिअनुसार नदीमा फोहोर गर्नेलाई महानगरपालिकाले जरिवाना गर्दै आएको छ । गत एक वर्षअघि महानगरपालिकाले सिर्सिया नदीलाई प्रदूषण गर्ने पर्सा-बारा औद्योगिक कोरिडोरमा सञ्चालित पाँचवटा उद्योगलाई तीन/तीन लाखका दरले १५ लाख जरिवाना गरेको थियो ।

महानगरले वीरगञ्ज महानगरपालिका-२१ स्थित ग्लोबल लेदर उद्योग प्रालि, अर्निका प्रोसेसिङ उद्योग प्रालि, श्रीसिधी टेक्सटायल्स प्रालि, मोरियम लेदर उद्योग प्रालि र वडा नं ३२ स्थित दुर्गा पुल्प एन्ड पेपर प्रालिलाई तीन/तीन लाखका दरले जरिवाना गरेको थियो ।

वीरगञ्ज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ को दफा ३७ अनुसार नदी प्रदुषित गर्ने पाँचवटा उद्योगहरुलाई कारबाहीस्वरुप जरिवाना गरिएको वीरगञ्ज महानगरपालिकाले जनाएको छ । महानगगरले गत फागुनमा उद्योगहरुबाट निस्केको फोहोर सिर्सिया नदीमा फाल्ने तीनवटा ट्र्याक्टरलाई समेत नियन्त्रणमा लिई एक/एक हजार जरिवाना गराएको थियो । उक्त अभियानअन्तर्गत महानगरले उपप्रमुखको संयोजकत्वमा गठन गरेको सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिले उद्योगहरुको अनुगमन गर्दै आएको छ । अनुगमनका क्रममा नदी तटमा रहेका उद्योगहरुले त्यहाँबाट निस्कने फोहोर (रसायनयुक्त फोहोर पानी, छालाको लेदो, कोइलाको छाईलगायत वस्तु) सिधै नदीमा फाल्दै आएको भेटिएको छ । फागुन ३ मा बसेको समितिको बैठकले नदी प्रदूषण गर्ने उद्योगलाई कारबाही गर्ने निर्णय गरेको थियो ।

महानगरले लिखित रुपमै चेतावनी दिँदा समेत अटेर गरि उद्योगका फोहोर र रसायनयुक्त पानी सिधै नदीमा फाल्ने क्रम नरोकिएपछि पाँच उद्योगलाई जरिवाना गरिएको महानगर प्रमुख राजेशमान सिंहले बताए । ''सिर्सिया नदी वीरगञ्ज सहरकै लाइफलाइन हो", महानगर प्रमुख सिंहले भने, "त्यसकारण यो नदीलाई प्रदूषित बनाउने जोसुकै विरुद्ध महानगरले कारबाही गर्छ । नदीलाई प्रदूषणमुक्त बनाउने अभियान अब रोकिँदैन ।" तर महानगरले गर्ने सामान्य जरिवाना सिर्सिया नदी सफाइ बनाउने अभियानका लागि भने पर्याप्न नहुने स्थानीयको भनाइ छ ।

# दाना नलागेपछि किसान चिन्तित

**टुडे समाचारदाता**

मलंगवा । उन्नत जातको मकैमा दाना नलागेपछि सर्लाहीका किसान चिन्तित भएका छन् । जिल्लाको बागमती, बरहथवालगायत स्थानमा सयौं किसानले लगाएको उन्नत जातको मकैमा दाना नलागेपछि किसानलाई चिन्ताले सताएको छ ।



मकैमा आकर्षक घोगा लागे पनि दाना भने नलागेको स्थानीय किसान चन्द्रबहादुर जिम्बाले गुनासो गरे । प्रति किलो ६ सय ५० किलोमा किनेर सात कट्ठामा लगाएको मकैमा दाना नलागेपछि लगानी डुबेको बागमती नगरपालिका-४, का किसान राम विश्वास महतोले बताए । "धेरै फल्ने आशमा महँगो मूल्यमा बीउ किनेर रोपियो", उनले भने, "अहिले सबै लगानी डुब्यो ।" बागमती र बरहथवाका किसानले लगाएको बिघौंबिघा क्षेत्रफलको हाइब्रिड मकैमा दाना नलागेको किसानको दाबी छ ।

यस क्षेत्रमा उत्पादन राम्रो हुने भएपछि किसानले वर्षको दुई यामसम्म उन्नत जातको मकै रोप्ने गरेका छन् । प्रशस्त फल्ने विश्वासमा ऋण गरेर रोपेको मकैमा दाना नलागेपछि आफू बर्बाद भएको अर्का किसान रञ्जित महतोले गुनासो गरे । उनले गत मङ्सिरमा तीन बिघा क्षेत्रफलमा उन्नत जातको मकै लगाएको बताए । उनका अनुसार घोगा ठूलो लागे पनि दाना लागेको छैन ।

महँगो बीउसँगै विशेष किसिमले मलखाद हालेर लगानी गरेको मकै नफलेपछि किसान छागाँबाट खसेजस्तै भएका छन् । र किसानलाई गुणस्तरहीन मकैको बीउ बिक्री गरेर ठगी गरेको बरहथवा-५ कि ललिता साहको आरोप छ । मकैमा दाना नलागे पछि आफूहरु सङ्कटमा परेको उनले गुनासो गरे ।

उन्नत जातको मकै खेतीका लागि प्रतिकट्ठा तीन हजारदेखि तीन हजार पाँच सयसम्म खनजोत, मलखाद र कामदार खर्च लागेको किसानहरूले बताएका छन् । जग्गा भाडामा लिएका किसानको लगानी अझ बढी छ ।

उत्पादन बिग्रिएका अधिकांश किसानले भारतीय बीउ उत्पादन कम्पनी नुजिभिडु सिड्सले उत्पादन गरेको 'विनर' नामको मकै लगाएको बताएका छन् । मङ्सिरका पहिलो साताअघि लगाइएको अन्य कम्पनीका हाइब्रिड जातको मकैमा समस्या देखिएको बागमती नगरपालिकाका कृषि प्राविधिक हिमाल साहीले जानकारी दिए ।

बीउ उत्पादक कम्पनीले भने मौसम अनुकूल नभएका कारण मकैमा दाना नलागेको जनाएको छ । नुजिभिडु सिड्सका नेपाल प्रतिनिधि श्रीप्रसाद पालिखेलले किसानले समयअगावै मकै रोपेका कारण समस्या भएको दाबी गरे । मकैको परागसेचनको समयमा धेरै चिसो भएको उनले दाबी छ । "किसानले मकै रोप्न हतार गरे", उनले भने, "कम्पनीले मकै रोप्ने समय जानकारी गराउँदा अटेर गरेको देखियो ।" मङ्सिर पहिलो सातादेखि रोप्नुपर्ने मकै कात्तिकतिरै रोपिएको उनको दाबी छ । दाना नलागेका किसानको विवरण सङ्कलन गरेर भारतस्थित कम्पनीमा जानकारी गराइएको उनले बताए । किसानलाई कसरी राहत पुऱ्याउन सकिन्छ भनेर आफूहरुले अनुगमन गरिरहेको उनले बताए । नगरपालिकास्थित कृषि शाखाले क्षतिको विवरण सङ्कलन गरिरेहेको छ ।

किसानलाई अनुदानमा वितरण गरेको मकै उत्पादन नभएको गुनासोपछि आफूहरुले विवरण सङ्कलन सुरु गरेको र एक दुई दिनभित्रमा पूर्ण विवरण सार्वजनिक गरिने नगर कृषि शाखा अधिकृत अवधेशकुमार झाले जानकारी दिए । अत्यधिक मकै उत्पादन हुने यस क्षेत्रमा नगरपालिकाले ' मकै क्षेत्र' विकासका लागि छ सय किलो विनर मकैको बीउ अनुदानमा वितरण गरेको थियो ।

जिल्लाको कर्मैया, ढुङ्गेखोला, शङ्करपुर, राजघाट, हजरिया, मुर्तियालगायत स्थानमा हाइब्रिड मकै उत्पादन हुने गरेको छ । जिल्लामा बर्सेनि १२ हजार हेक्टर क्षेत्रफलमा मकै लगाउने गरिको छभने यहाँ ५ दशमलव ३ लाख मेट्रिक टन मकै उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत देवानन्द यादवले बताए ।

# 'अधिकार, प्रतिनिधित्व र सम्मानका लागि संगठित हुनुको विकल्प छैन'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष तथा उपप्रधानमन्त्री उपेन्द्र यादवले शोषित पीडित वर्गलाई अधिकार, प्रतिनिधित्व र सम्मानका लागि एकजुट हुनुको विकल्प नरहेको बताएका छन् ।



जनकपुरधाममा शनिबार पिछडावर्ग महासंघ नेपालले आयोजना गरेको दुई दिने प्रशिक्षण कार्यक्रमको समापन समारोहमा बोल्दै उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री यादवले पिछ्डा बर्ग संख्यागत रुपमा बहुसंख्यक भए पनि संगठित हुन नसक्दा उचित अधिकार, प्रतिनिधित्व र सम्मान पाउन नसकेको उल्लेख गरे ।

जसपा नेपालका अध्यक्षसमेत रहेका मन्त्री यादवले वर्तमान युगमा संगठन नै शक्ति रहेको बताउँदै उनले पिछडावर्गहरुलाई संगठित भएर अघि बढ्न आग्रह गरे ।

पिछडावर्गमा शिक्षाको अभाव समेत देखिएको बताउँदै उपप्रधान तथा स्वास्थ्यमन्त्री यादवले आफ्ना सन्तानको शिक्षामा जोड दिन अपिल समेत गरे ।

पिछडावर्ग महासंघका अध्यक्ष भरत महतोको अध्यक्षतामा भएको सो प्रशिक्षणमा झापादेखि कञ्चनपुरसम्मका करिब एक सयजना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

# आश्रममा भाडावर्तन सहयोग प्राप्त

**टुडे समाचारदाता**

मलंगवा । दिदी बहिनी जागरण अभियान लालबन्दीले शनिवार जुटपानीस्थित वृद्धाश्रममा भाडावर्तन सहयोग गरेको छ ।

अभियानमा आवद्ध ७५ जना महिला दिदी बहिनीले शनिवार बिहान लालबन्दी नगरपालिका २ स्थित पद्यम-भुवनेश्वरी नमुना वृद्ध सेवाश्रम जुटपानीमा पुगेर ३९ हजार ५४० रुपैयाँ बराबरको विभिन्न भाडावर्तन सहयोग गरेका छन् ।

अभियानको नामबाट ५० थान थाल, ५० थान चम्चा, १ थान मिक्चर, ४ थान डेक्ची, १ थान कराही, १ थान कुकरसहितका भाडावर्तन सहयोग प्राप्त भएको आश्रमकी अध्यक्ष भवानी कोइरालाले जानकारी दिईन् ।

महिलाको टिमले आश्रममा शनिवार बिहानको एक छाक भोजन र दिउँसोको खाजाको प्रवन्ध समेत मिलाएको छ ।

**हावाहुरीबाट जोगिने उपायहरु ।**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हाथले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,

हावाहुरीबाट हुने क्षति कम गर्न पर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८